फोन नं:०८४-४२०२०२
Email: dgao.bardiya@ag.gov.np,Web: www.ag.gov.np
ठेगाना: जिल्ला बर्दिया, गुलरिया नगरपालिका, वडा नं ६

# जिल्ला सरकारी वकील कार्यालय
## बर्दिया
### (प्रशासन शाखा)

जिल्ला सरकारी वकील कार्यालय बर्दिया स्था. २०४२

पत्र संख्या:२०८०।०८१
चलानी नं. ४३५०

मिति: २०८१।०३।२६
ने.सं ११४४ दिल्लाथ्व ४ बुधबार

विषयः सरकारवादी फौजदारी मुद्दाको विषयमा भएको अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन ।

**श्री महान्यायाधिवक्ताको कार्यालय,**
**योजना अनुसन्धान तथा अनुगमन विभाग ।**

उपर्युक्त सम्बन्धमा अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन सरकारवादी फौजदारी मुद्दाको विषयमा "प्रहरी अनुसन्धान अधिकृत र सरकारी वकील बीच अन्तरक्रिया कार्यक्रम मिति २०८१।०३।२२ गते सम्पन्न भएकोमा उक्त अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन यसै पत्र साथ संलग्न गरी पठाइएको छ ।

२०८१।३।२६
(नगेन्द्र लम्साल)
जिल्ला न्यायाधिवक्ता

वोधार्थ
श्री उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज ।
श्री जिल्ला प्रहरी कार्यालय, बर्दिया ।
श्री ईलाका प्रहरी कार्यालय, मैनापोखर ।
श्री ईलाका प्रहरी कार्यालय, मोतिपुर ।
श्री ईलाका प्रहरी कार्यालय, ढोढरी ।
श्री ईलाका प्रहरी कार्यालय, बनियाभार ।
श्री ईलाका प्रहरी कार्यालय, राजापुर ।
श्री ईलाका प्रहरी कार्यालय, पाताभार ।
श्री ईलाका प्रहरी कार्यालय, बगनाहा ।

# सरकारवादी फौजदारी मुद्दाको विषयमा
# "प्रहरी अनुसन्धान अधिकृत र सरकारी वकील बीच अन्तरक्रिया कार्यक्रम"

<u>प्रतिवेदन</u>

मितिः २०८१ असार २२ गते

आयोजक

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

<u>प्रतिवेदक</u>

सहायक जिल्ला न्यायाधिवक्ता शिवराज पौडेल
जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

## विषयसूची


| | | पृ. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| ३. | कार्यक्रमको उद्देश्य | १ |
| ४. | कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरु | १ |
| ५. | कार्यक्रममा सहभागीहरुले व्यक्त गरेका भनाईहरु | २ |
| ६. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ७ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | ८ |
| | ख) सहभागीहरूको नामावली | ९ |
| | ग) कार्यक्रमको तस्वीर | ११ |
| | घ) कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र | १३ |

## १. परिचय

जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको आयोजनामा सरकारवादी फौजदारी मुद्दाको विषयमा "प्रहरी अनुसन्धान अधिकृत र सरकारी वकील बीच बैठक/अन्तरक्रिया कार्यक्रम" मिति २०८१ साल असार २२ गते जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको सभाहलमा सम्पन्न भयो । उक्त कार्यशालामा सरकारी वकील, प्रहरी अनुसन्धान अधिकृत, अनुसन्धान सहायक र जिल्ला सरकारी वकील कार्यालय बर्दियामा कार्यरत सहायक कर्मचारी गरी ३१ जनाको सहभागीता रहेको थियो ।

## २. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः सरकारवादी फौजदारी मुद्दाको विषयमा "प्रहरी अनुसन्धान अधिकृत र सरकारी वकील बीच अन्तरक्रिया कार्यक्रम"

२) कार्यक्रम सञ्चालन स्थानः जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको सभाहल

३) मितिः २०८१।३।२२ गते शनिबार

४) कार्यक्रम अवधिः दिउँसो २ बजेदेखि ५:४० बजेसम्म

५) सहभागी संख्याः २ जना सरकारी वकील, १३ जना प्रहरी अनुसन्धान अधिकृत, १३ जना प्रहरी अनुसन्धान सहायक र ३ जना कार्यालयका रा.प. अनंकित कर्मचारी सहित ३१ जनाको सहभागीता रहेको ।

## ३. कार्यक्रमको उद्देश्य

१) सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने सम्बन्धमा छलफल गर्नु ।

२) सरकारी वकील तथा प्रहरी अनुसन्धान अधिकृतको बीचको व्यवसायिक समन्वयलाई प्रभावकारी बनाउनु ।

## ४. कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरु

कार्यक्रमको सुरुवातमा कार्यक्रम सञ्चालन गर्दै जिल्ला सरकारी वकील कार्यालय, बर्दियाका सहायक जिल्ला न्यायाधिवक्ता श्री शिवराज पौडेलले कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्दै सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानमा देखिएका द्विविधा, आइपरेका समस्याहरु र प्रहरी र सरकारी वकील बीचको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन व्यवसायिक समन्वयलाई निरन्तरता कायम गर्ने विषयमा छलफल गर्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेपछि जिल्ला सरकारी वकील कार्यालय, बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

१) पहिलो कार्यपत्रः **सरकारवादी फौजदारी मुद्दामा अनुसन्धान अधिकारीले अनुसन्धान गर्दा ध्यान दिनुपर्ने विषयहरु:** जिल्ला सरकारी वकील कार्यालय, बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

२) दोस्रो कार्यपत्रः **अनुसन्धानको चरणमा तयार गरिने कागजातहरु:** जिल्ला सरकारी वकील कार्यालय, बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

## ५. कार्यक्रममा सहभागीहरुले व्यक्त गरेका भनाईहरु

कार्यक्रममा कार्यपत्र प्रस्तुत गरिसकेपछि कार्यपत्रका विषयमा र कार्यक्रममा सरकारी वकील र प्रहरी अनुसन्धान अधिकारीबीचको व्यवसायिक समन्वयका विषयमा सहभागीहरुले व्यक्त गरेका विचारहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ।

**श्री लोकेन्द्र सिंह ठगुन्ना, प्रहरी निरिक्षक,**
**ईलाका प्रहरी कार्यालय मैनापोखर, बर्दिया ।**

- आजको अन्तरक्रिया कार्यक्रम अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन अत्यन्तै महत्वपूर्ण रहेको छ । कार्यक्रममा प्रस्ततु भएका विषयको छलफल, सरकारी वकील र प्रहरी अनुसन्धान अधिकृत सहित अनुसन्धानमा सहयोग गर्ने सहायक कर्मचारीहरुलाई समेत सहभागि गराएर कार्यक्रम आयोजना गरिएकोले अनुसन्धानमा भएका द्विविधाहरु र अनुसन्धान गर्दा अपनाउनु पर्ने विधिहरु र अनुसन्धानमा क्रियाशील कर्मचारीहरुको क्षमता अभिवृद्धिमा समेत सघाउ पुगेको छ ।
- कार्यक्रमबाट प्राप्त पृष्ठपोषणले अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउँछ । अनुसन्धान गर्दा अपनाउनुपर्ने कार्यविधि र सम्बन्धित ऐन, कानून, निर्देशिकाहरुको सम्बन्धमा जानकारी प्रात भई अनुसन्धानमा सहजिकरण गर्न सहयोग पुर्याएको छ । बित्तिय अपराध सम्बन्धि विविध विषयमा विस्तृत रुपमा अनुशिक्षण कार्यक्रम राख्नुपर्ने देखिन्छ ।

**श्री सुरज सिंह, प्रहरी निरीक्षक**
**ईलाका प्रहरी कार्यालय, राजापुर**

- प्रहरी अनुसन्धान अधिकारी र अनुसन्धान सहायकहरुका लागि विषयगत रुपमा अनुसन्धान गर्दा अपनाउनु पर्ने कार्यविधि, ध्यान दिनुपर्ने विषयहरु र अनुसन्धानको चरणमा तयार पार्नुपर्ने कागजातहरु तयार गर्ने प्रकृयाका बारेमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र सम्बन्धित नियमावलीहरुमा भएको व्यवस्थाका सम्बन्धमा विस्तृत रुपमा जानकारी प्राप्त भई छलफल समेत हुँदा कार्यक्रम निकै प्रभावकारी रहेको छ।
- विषयगत रुपमा मुद्दाका प्रकृतिहरु अनुसार अनुसन्धान गर्दा ध्यान दिनुपर्ने विषयका बारेमा निश्चित मार्गदर्शन प्राप्त भएको छ।

- कसूरको अनुसन्धानको व्यवस्थापनलाई कसरी प्रभावकारी बनाउने विषयमा जानकारी प्राप्त भएको छ । कार्यक्रममा गरिएको विस्तृत छलफलले अनुसन्धान अधिकारी र अनुसन्धान सहायकको अनुसन्धान गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा जानकारी प्राप्त भई क्षमता बृद्धि समेत भएको छ ।
- वित्तीय अपराधहरु ठगी, बैंकिङ्ग कसूर र सहकारी ठगी लगायतका विषयमा कार्यक्रममा छलफल भए पनि वित्तीय अपराधलाई प्रभावकारी रुपमा अनुसन्धान गर्न अनुसन्धान अधिकृत र अनुसन्धान सहायक कर्मचारीहरुका लागि वित्तीय अपराधहरु अनुसन्धान गर्ने विषयमा विस्तृत रुपमा क्षमता अभिवृद्धि सम्बन्धी तालिमको आवश्यकता रहेको देखियो ।
- यस किसिमको सरकारवादी फौजदारी मुद्दाको विषयमा वृहत छलफल र अन्तरक्रिया कार्यक्रम निरन्तर रुपमा हुन जरुरी छ ।

**श्री चक्रबहादुर देउवा, प्रहरी निरिक्षक,**
**जिल्ला प्रहरी कार्यालय, बर्दिया ।**

- कार्यक्रममा गरिएको बृहत छलफल र प्रस्तुत गरिएको कार्यपत्रको विषयहरुबाट अनुसन्धानमा सहजता महसुस भयो ।जबरजस्ती करणी मुद्दामा प्राय गलत मनसायले जाहेरी आउने हुँदा यस्ता घटनामा चिकित्सकको समेत भूमिका महत्वपूर्ण हुने हुँदा चिकित्सकलाई समेत कानूनको बारेमा जानकारी गराउनुपर्ने देखिएको छ ।
- हिंसामा परेका महिलाहरुलाई सरकारी वकील कार्यालयमा मनोपरामर्श दिने व्यवस्था भए प्रभावकारी हुने थियो ।
- लागू औषध मुद्दामा भारतबाट खरिद गरी ल्याउने बिक्रिकर्तालाई कानूनी दायरामा ल्याउन नसकिएको अवस्था छ ।

**श्री रुपेश साह, प्रहरी निरिक्षक,**
**ईलाका प्रहरी कार्यालय, मोतिपुर, बर्दिया ।**

- अस्पष्ट रहेका कार्यबिधिका विषयमा स्पष्ट हुने अवसर मिल्यो । आजको यस कार्यक्रमबाट गरिएको छलफल र प्रस्तुत गरिएका अनुसन्धानका विषयसँग सम्बन्धित कार्यपत्रहरुको अनुसरणले प्रहरी अनुसन्धानमा गुणस्तर आउने छ । यस्ता कार्यक्रमहरु विषयगत रुपमा छलफल बेला बेलामा गरिरहने हो भने अनुसन्धानमा अझ निखारता आउने थियो । यस कार्यक्रममा अनुसन्धान गर्ने अन्य निकायको समेत सहभागिता भएको भए अझ प्रभावकारी हुने थियो ।

**श्री राजेन्द्रबहादुर केसी, प्रहरी निरिक्षक,**
**ईलाका प्रहरी कार्यालय, पाताभार, बर्दिया ।**

- यस्ता वृहत अन्तरक्रिया कार्यक्रम नियमित रुपमा भएमा सरकारी वकील र प्रहरी अनुसन्धान अधिकारी बीचको समन्वयले अनुसन्धानमा सहजता भई थप सफलता प्रात हुने देखिन्छ।
- जबरजस्ती करणी मुद्दाको हदम्याद बढि हुँदा गलत नियतले समेत मुद्दाहरु पर्ने गरेको देखिन्छ ।
- सरकारी वकील कार्यालयमा मुद्दा अनुसन्धानको क्रममा टाढाबाट आउने केशहरुलाई प्राथमिकता दिनु पर्ने देखिन्छ ।
- बित्तीय अपराध सम्बन्धि विस्तृत रुपमा छलफल र प्रशिक्षण कार्यक्रमको आवश्यकता महसुस भएको छ ।

**श्री बिष्णुप्रसाद श्रेष्ठ, प्रहरी निरिक्षक,**
**ईलाका प्रहरी कार्यालय, ढोढरी, बर्दिया ।**

- प्रहरीले अनुसन्धान गर्ने फौजदारी अनुसन्धानलाई प्रभावकारी र प्रमाणमुखी बनाउन र वास्तविक पीडकलाई दण्डित तथा पीडितलाई न्याय र उचित क्षतिपूर्ति दिलाउन यस प्रकारको कार्यक्रमले धेरै ज्ञान र मार्गदर्शन प्रदान गरेको छ ।
- अनुसन्धानको सुरुवाती चरण देखि नै सरकारी वकील र प्रहरी बीच समन्वय गरी अगाडी बढ्दा अनुसन्धान प्रभावकारी हुने देखिन्छ । सहकारी ठगी जस्ता मुद्दामा विशेष दक्षता भएका बिज्ञको सहयोग र प्रतिवेदन आवश्यक रहने भन्ने विषयमा जानकारी भयो । यस्ता खालका विषयगत रुपमा छलफल कार्यक्रमहरु नियमित रुपले गर्दा अझ राम्रो हुने थियो ।
- अनुसन्धानलाई प्रभावकारी बनाउन तथा अनुसन्धानमा आइपरेका समस्याहरुको बारेमा विस्तृत रुपमा छलफल गर्न कार्यक्रम प्रभावकारी रहेको छ ।

**श्री मनिष श्रेष्ठ, प्रहरी निरीक्षक,**
**ईलाका प्रहरी कार्यालय, बनियाभार**

- यस किसिमको सरकारवादी फौजदारी मुद्दाको विषयमा वृहत छलफल सहितको विषयगत अन्तरक्रिया कार्यक्रम तीन/तीन महिनामा हुन जरुरी छ ।
- कार्यक्रममा उत्कृष्ठ अनुसन्धान भएका मिसिलहरुलाई उदाहरणका रुपमा प्रस्तुत गर्दा अझ प्रभावकारी हुने थियो ।
- अन्तरक्रिया कार्यक्रममा प्रहरी अनुसन्धान अधिकृत, अनुसन्धान सहायक प्रहरी कर्मचारी सहित अनुसन्धानमा सहयोगी निकायहरु अस्पतालका चिकित्सक सहित कार्यक्रम आयोजना गरिएमा अझ प्रभावकारी हुने देखिन्छ ।

- कार्यक्रमले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानमा देखिएका द्विविधालाई हटाउन सहयोगी भूमिका निर्वाह गरेको छ ।

**श्री हर्क भुल, प्रहरी सहायक निरिक्षक**
**ईलाका प्रहरी कार्यालय, पाताभार ।**

- अनुसन्धानको क्रममा प्रहरी कर्मचारीबाट हुने कमी कमजोरी लगायत साक्षी/ रोहवर, घटनाविवरण कागज लगायतका अनुसन्धान सम्बन्धी कार्यविधि अनुसरण गर्दा र अनुसन्धानमा आई परेका समस्याहरुका सम्बन्धमा अनुसन्धानको शुरु चरण देखि नै सरकारी वकीलसँग समन्वय गरी प्रभावकारी रुपमा अनुसन्धान गर्नुपर्ने विषयमा जानकारी प्राप्त भएको छ ।

**श्री दर्पण राना, प्रहरी सहायक निरिक्षक**
**ईलाका प्रहरी कार्यालय, ढोढरी, बर्दिया ।**

- यस कार्यक्रममा चिकित्सक र माइती नेपाल लगायतका सरोकारवाला निकायका पदाधिकारीलाई समेत सहभागी गराउन पर्ने देखिन्छ । मुद्दाको अनुसन्धानको शुरुवात चरणदेखि अपनाउनुपर्ने प्रकृया र सरकारी वकीलसँग गर्नुपर्ने समन्वयका विषयमा जानकारी प्राप्त भयो ।

**श्री रमेश गिरी, प्रहरी हवल्दार**
**ईलाका प्रहरी कार्यालय, मोतिपुर, बर्दिया ।**

- घटनास्थल मुचुल्का तयार गर्दा लिपिवद्ध गर्नुका साथै फोटो तथा भिडियो पनि आवश्यक हुने र अनुसन्धान गर्ने कार्यविधि सम्बन्धमा सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त भयो ।

**श्री शिव गिरी, प्रहरी सहायक हवल्दार,**
**ईलाका प्रहरी कार्यालय, बगनाहा, बर्दिया ।**

- कार्यक्रममा सहभागी हुँदा मुद्दाको शुरुवातदेखि अनुसन्धानमा अपनाउनु पर्ने कार्यविधिको जानकारी प्राप्त भएको छ । कार्यक्रममा अनुसन्धानमा देखिएका जटिलता र द्विविधाबारे प्रष्ट हुने मौका प्राप्त भएको छ ।

**श्री गीता के.सी., प्रहरी जवान,**
**ईलाका प्रहरी कार्यालय, मैनापोखर ।**

- जबरजस्ती करणी मुद्दामा गलत नियतले समेत मुद्दाहरु पर्ने गरेको देखिन्छ । यस किसिमका मुद्दाहरु दर्ता गर्दा पीडितलाई मनोसामाजिक परामर्श दिई वास्तविक घटनाको विषयमा पीडितसँग छुट्टै परामर्श गरी जानकारी लिनुपर्ने जानकारी भयो ।
- सवारी दुर्घटना मुद्दा लगायतका घटनास्थल मुचुल्का तयार गरिने मुद्दाहरुको घटनास्थल मुचुल्का लिपिवद्ध हुनुका साथै सम्बन्धित फोटो तथा भिडियो पनि संलग्न गर्नुपर्ने तथा

अनुसन्धान गर्दा अपनाउनु पर्ने कार्यविधि र तयार गर्ने कागजातहरुका विषयमा सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त भयो ।

**श्री छिरिङ गोम्जन, प्रहरी जवान,**
**जिल्ला प्रहरी कार्यालय, बर्दिया ।**

- यस्ता कार्यक्रममा अनुसन्धान शाखामा कार्यरत सबै कर्मचारीलाई सहभागि गराउनु पर्ने देखिन्छ । जबरजस्ती करणी मुद्दामा पीडितले प्रतिकूल बकपत्र समेत गर्ने गरेकोमा यसको न्यूनीकरणका लागि कार्य गर्नुपर्ने देखिन्छ ।

**श्री तुल्सीराम अर्याल, प्रहरी नायब उपरिक्षक,**
**जिल्ला प्रहरी कार्यालय, बर्दिया ।**

- घटनास्थलले पुरै मुद्दाको अनुसन्धानलाई निर्देशित गर्ने भएकाले घटनास्थल मुचुल्का तयार गर्दा अनुसन्धान अधिकृत र अनुसन्धान सहायक कर्मचारीहरु निकै संवेदनशील भएर वारदात स्थलको सुक्ष्म विश्लेषण गरी वारदात स्थलमा देखिएका स साना विषयहरु र दसी प्रमाणलाई ध्यान दिएर घटनास्थल मुचुल्का तयार गर्नुपर्छ ।
- प्रत्येक मुद्दाको विषयगत रुपमा अनुसन्धान कसरी गर्ने र ध्यान दिनुपर्ने विषयमा अनुसन्धान अधिकृत र अनुसन्धान सहायक कर्मचारीलाई निर्देशित गराउन समेत कार्यक्रम महत्वपूर्ण रहेको छ ।
- सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान प्रकृयालाई प्रभावकारी बनाउने विषयमा कार्यक्रम औचित्यपूर्ण र महत्वपूर्ण रहेको छ । यसले अनुसन्धानमा काम गर्ने प्रहरी कर्मचारीहरुलाई थप टेवा पुर्याउने छ ।
- कानून र व्यवहारको बीचमा रहेर कसरी अनुसन्धान प्रभावकारी बनाउन सकिन्छ। सरकारी वकील र अनुसन्धान अधिकृत बीच निरन्तर प्रभावकारी समन्वयको आवश्यकता पर्छ ।
- झुट्टा मुद्दा दिनेहरुलाई निरुत्साहित गर्न झुट्टा मुद्दालाई तामेलीमा राख्ने प्रकृयालाई कार्यान्वयन गर्न जरुरी छ ।
- जबरजस्ती करणी मुद्दाको कानूनी व्यवस्थालाई महिलाबाट दुरुपयोग हुनबाट बचाउन माथिल्लो निकायले बेलैमा ध्यान दिन नसके यसले समाजमा सामाजिक रुपले असर गर्ने देखिन्छ ।

**श्री सागर बोहरा, प्रहरी नायब उपरिक्षक,**
**ईलाका प्रहरी कार्यालय राजापुर, बर्दिया ।**

- कार्यक्रम अत्यन्तै समय सान्दर्भिक र अति जरुरी भएको महसुस भयो । अनुसन्धान गर्ने प्रहरी र सरकारी वकीलबीचको साक्षात्कार कार्यक्रमले मुद्दाको अनुसन्धान र अभियोजनलाई चुस्त दुरुस्त बनाउन सहयोग पुग्छ ।

- सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानलाई प्रभावकारी बनाउन अपनाउनुपर्ने कार्यविधि र समन्वयका सम्बन्धमा गरिएको छलफलले अनुसन्धानलाई प्रभावकारी बनाउन मद्दत गर्छ ।
- प्रतिकूल वकपत्र हुने परिपाटीलाई निरुत्साहित गर्न साक्षीहरुको तत्काल वकपत्र हुने व्यवस्था भए साक्षीहरुले प्रतिकूल वकपत्र गर्ने कार्य न्यून हुने थियो ।
- स्थानीय तहका जनप्रतिनिधिहरुलाई समेत समय सापेक्ष मुलुकी अपराध संहिता २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को बारेमा जानकारी गराउनुपर्ने आवश्यकता रहेको छ ।

कार्यक्रममा सहभागिहरुले राखेका जिज्ञाशाहरुको सम्बोधन र छलफलमा सहजिकरण जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल र कार्यक्रममा सहभागी जिल्ला प्रहरी कार्यालय, बर्दियाका प्रहरी नायव उपरीक्षक श्री तुल्सीराम अर्याल र ईलाका प्रहरी कार्यालय राजापुरका प्रहरी नायव उपरीक्षक श्री सागर बोहराले गर्नुभएको थियो। जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साललले कार्यक्रमलाई समापन गर्दै अनुसन्धान प्रभावकारी हुँदा अभियोजन समेत प्रभावकारी हुने भएकाले मुद्दाको शुरु चरणदेखि प्रहरी अनुसन्धान अधिकृत र सरकारी वकील बीच प्रभावकारी समन्वय हुनुपर्नेमा जोड दिनुभयो ।

## ६. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन कार्यक्रमले सघाउ पुर्याएको छ ।
- सरकारी वकील र प्रहरी अनुसन्धान अधिकृत बीच मुद्दाको शुरु चरणदेखि नै प्रभावकारी समन्वय हुनुपर्नेमा सघाउ पुर्याएको छ ।
- प्रहरी अनुसन्धान अधिकृत र अनुसन्धान सहायकको अनुसन्धान गर्ने कार्यविधिमा थप प्रष्ट हुन तथा क्षमता अभिवृद्धि गर्न समेत सहयोग पुगेको छ ।

अनुसूचीहरू

क) कार्यक्रम तालिका

## सरकारवादी फौजदारी मुद्दाको विषयमा "प्रहरी अनुसन्धान अधिकृत र सरकारी वकील बीच अन्तरक्रिया कार्यक्रम"

मितिः २०८१।३।२२ समयः दिउँसो २:०० बजेदेखि ५:४० बजेसम्म

कार्यक्रम स्थानः जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको सभाहल

आयोजकः जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

कार्यक्रम सञ्चालकः सहायक जिल्ला न्यायाधिवक्ता श्री शिवराज पौडेल, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

| समय | कार्यक्रम विवरण |
|---|---|
| २:००-२:१५ | उपस्थिति<br>सहभागीहरूबीच परिचय |
| २:१५-३:४५ | कार्यपत्र प्रस्तुती/छलफल<br>**सरकारवादी फौजदारी मुद्दामा अनुसन्धान अधिकारीले अनुसन्धान गर्दा ध्यान दिनुपर्ने विषयहरुः** जिल्ला सरकारी वकील कार्यालय, बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल । |
| ३:४५-५:१५ | कार्यपत्र प्रस्तुती/छलफल<br>**अनुसन्धानको चरणमा तयार गरिने कागजातहरुः** जिल्ला सरकारी वकील कार्यालय, बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल । |
| ५:१५-५:३५ | मन्तब्य<br>प्रहरी नायव उपरीक्षक श्री तुल्सीराम अर्याल, जिल्ला प्रहरी कार्यालय, बर्दिया<br>प्रहरी नायव उपरीक्षक श्री सागर बोहरा, ईलाका प्रहरी कार्यालय, राजापुर |
| ५:३५-५:४० | **धन्यवाद सहित कार्यक्रम समापनः** जिल्ला सरकारी वकील कार्यालय, बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल । |

**ख) सहभागीहरूको नामावली**

| क्र.सं. | नाम | पद | कार्यालय | टेलिफोन नं/ईमेल |
|---|---|---|---|---|
| १ | नगेन्द्र लम्साल | जिल्ला न्यायाधिवक्ता | जिसवका बर्दिया | ९८४१४४०७८१ nagendralamsal@gmail.com |
| २ | सागर वोहरा | प्र.ना.उ. | इ.प्र.का. राजापुर | ९८५८०२७३३३ sagarbohara10@gmail.com |
| ३ | शिवराज पौडेल | सहायक जिल्ला न्यायाधिवक्ता | जिसवका बर्दिया | ९८५८०२५१७५ paudelshiva555@gmail.com |
| ४ | तुल्सीराम अर्याल | प्र.ना.उ. | जि.प्र.का. बर्दिया | ९८५८०२७२९९ suaryal79@gmail.com |
| ५ | कृष्ण डाँगी | प्र.नि. | जि.प्र.का. बर्दिया | ९८५१२८१७११ mekrish24@gmail.com |
| ६ | मनिष श्रेष्ठ | प्र.नि. | इ.प्र.का. वनियाभार | ९८५७०९०५५४ sthamanish211@gmail.com |
| ७ | सुरज सिंह | प्र.नि. | इ.प्र.का. राजापुर | 9851284204 surajcity143@gmail.com |
| ८ | राजेन्द्रबहादुर के.सी | प्र.नि. | इ.प्र.का. पाताभार | ९८५८०९०१११ rrajendrakc@gmail.com |
| ९ | लोकेन्द्र सिंह ठगुन्ना | प्र.नि. | इ.प्र.का. मैनापोखर | ९८५८४८८९८८ lokendra7841@gmail.com |
| १० | विष्णुप्रसाद श्रेष्ठ | प्र.नि. | इ.प्र.का. ढोढरी | ९८५८०९०५२९, ९८५७०९११३६ sbishnu124@gmail.com |
| ११ | नवराज बहादुर शाही | प्र.नि. | इ.प्र.का. बग्नाहा | ९८५८०९०५३५ shahinavraj@gmail.com |
| १२ | तेजबहादुर खड्का | प्र.ना.नि | इ.प्र.का. पाताभार | ९८४८०४२३३८ tejbahadurkhadka2034@gmail.com |
| १३ | टोपबहादुर वली | प्र.स.नि. | इ.प्र.का. मैनापोखर | ९७६८४५१६३६ topbahaduroli95@gmail.com |
| १४ | दर्पण राना | प्र.स.नि. | इ.प्र.का. ढोढरी | ९८६६०९३०८७ darpanrana70@gmail.com |
| १५ | हर्क भुल | प्र.स.नि. | इ.प्र.का. | ९८६९८५४०७६ |

| | | | | |
|---|---|---|---|---|
| | | | पाताभार | bhulhark0084@gmail.com |
| १६ | रमेश गिरी | प्र.ह. | इ.प्र.का. मोतिपुर | ९८४१५९९०८७ rg678283@gmail.com |
| १७ | छिरीङ गोम्जन | प्र.ज. | जि.प्र.का. बर्दिया | ९८५१२९०४५५ chiringnabin816@gmail.com |
| १८ | सिता खड्का | प्र.स.ह. | जि.प्र.का. बर्दिया | ९८४८१७३०१९ sita35235@gmail.com |
| १९ | कमलराज संतोषी | प्र.स.नि. | इ.प्र.का. बनियाभार | ९८४८२६९६२२ kamalrajsantoshi2056@gmail.com |
| २० | नवराज रावल | प्र.ब.ना.नि. | जि.प्र.का. बर्दिया | ९८५८४९००१७ nabarajrawal@gmail.com |
| २१ | सरिफ साई | प्र.ह. | इ.प्र.का. राजापुर | ९८५८०९००४५ sariphshai786@gmail.com |
| २२ | शिव गिरी | प्रहरी सहायक हवल्दार | इ.प्र.का. भुरीगाउँ वग्नाहा | ९८४८१७२८७४ girishiv2211@gmail.com |
| २३ | पवित्रकुमार वि.क. | प्र.ह. | इ.प्र.का. वनियाभार | ९८५८०५३३२० pabitrasun44@gmail.com |
| २४ | गीता के.सी. | प्र.ज. | इ.प्र.का. मैनापोखर | ९८२९५७८३८० gitakc941@gmail.com |
| २५ | मनिषा बोहरा | प्र.ज. | जि.प्र.का. बर्दिया | ९८४१६७७१८० mbohara276@gmail.com |
| २६ | रुपेश साह | प्र.नि. | इ.प्र.का. मोतिपुर | ९८५१२९४९३० rupeshah01@gmail.com |
| २७ | चक्रबहादुर देउवा | प्र.नि. | जि.प्र.का. बर्दिया | ९८६५६०५२८२ deubachakra@gmail.com |
| २८ | टेकबहादुर खत्री | प्र.ह. | जि.प्र.का. बर्दिया | ९८४४८०१०५४ tekkhatri265@gmail.com |
| २९ | भगवती शर्मा | टा.ना.सु | जिसवका बर्दिया | ९८४८०६३९८७ |
| ३० | बसन्त न्यौपाने | ना.सु. | जिसवका बर्दिया | ९८६५८१२६०७ |
| ३१ | जावन सिंह रामजाली | खरिदार | जिसवका बर्दिया | ९८६४७३१७०४ ramjalijawon843@gmail.com |

## ग)     कार्यक्रमको तस्वीर



मिति २०८१।३।२२ गते आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागी सरकारी वकील, अनुसन्धान अधिकृत, सहायक कर्मचारी र अनुसन्धान सहायक ।



कार्यक्रमका सहभागीहरु ।


सरकारवादी फौजदारी मुद्दाको विषयमा
“प्रहरी अनुसन्धान अधिकृत र सरकारी वकील
बैठक/अन्तरक्रिया कार्यक्रम”
मिति: २०८१।३।२२



घ) कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र

**पहिलो कार्यपत्र**

**सरकारवादी फौजदारी मुद्दामा अनुसन्धान अधिकारीले अनुसन्धान गर्दा ध्यान दिनुपर्ने विषयहरुः**

**नगेन्द्र लम्साल**
**जिल्ला न्यायाधिवक्ता**
**जिल्ला सरकारी वकील कार्यालय बर्दिया**
२०८१।३।२२

**कसूरको अनुसन्धानः**

समाजमा कुनै कसूर घटित भएकोमा के कसूर, कसले, कहाँ, कहिले, किन, कसरी र कुन उद्देश्यले के कसरी घटाएको हो भनि प्रमाणको आधारमा खोजबिन गर्ने र पत्ता लगाउने कार्यलाई अनुसन्धान भनिन्छ । अर्थात कुनै घटनाको सम्वन्धमा प्रामाणिक आधारमा सत्य तथ्य पत्ता लगाउने कार्य अनुसन्धान हो ।

**सबै प्रकारका मुद्दामा प्रहरी अनुसन्धान अधिकारीले ध्यान दिनुपर्ने विषयहरुः**

१. जाहेरी दरखास्त नपरी तत्काल गरिने विभिन्न मुचुल्काहरु जस्तै घटनास्थल मुचुल्का, लाशजाँच मुचुल्का, बरामदी मुचुल्का तथा जरुरी पक्राउ पूर्जी पछाडि जारी गरिने थुनुवा पूर्जिमा समेत जाहेरवालाको नाम लेख्ने गरेको कारण मुद्दाको शुरु अनुसन्धान नै प्रायोजित देखिने अवस्था रहेको । प्राप्त सूचना वा प्रहरीको प्रतिवेदन लेख्नु पर्ने वा लेख्न सकिनेमा उक्त मुचुल्का वा पूर्जि पछाडी पर्ने जाहेरवालाको नाम लेख्नु सर्वथा अनुपयुक्त हुन्छ ।

२. घटनास्थलमा यथासिघ्र सम्बन्धित प्रहरी अधिकृत पुग्ने, घटनास्थलको चार किल्ला घेर्ने, प्रवेश निषेध गर्ने, रोहवरमा राख्ने जनप्रतिनिधि र अन्य व्यक्तिहरुलाई लिई गई घटनास्थलमा प्रत्येक अवस्था नापजाँच सहित उल्लेख गर्ने, फोटो खिच्ने, अडियो भिडियो रेकर्ड गर्ने, बरामद गर्नु पर्ने चिजवस्तुहरु बरामद गर्न घटनास्थलमै तिनिहरुको फोटो खिच्ने । एक भन्दा बढी घटनास्थल भए प्रत्येक घटनास्थलहरु त्यसैगरी छेकवार गर्ने। प्रत्येक स्थानका बेग्ला बेग्लै मुचुल्काहरु क्रमश तयार गर्दै जाने कार्यहरु गर्नुपर्ने ।

३. एक भन्दा बढी घटनास्थल हुन सक्ने पूर्वानुमान गरी प्रत्येक घटनास्थलको मुचुल्का गर्ने तर्फ ध्यान दिने ।

४. वारदात थाहा पाउने वित्तिकै तत्काल सम्बन्धित घटनास्थलमा प्रहरी तत्काल पुगी घटनास्थलमा भएका सबुत प्रमाण संकलन गरेर बरामद गरी फोटो र भिडियो तयार गरेर घटना बारे थाहा पाउने मानिसहरुबाट विवरण संकलन गर्ने । आवश्यकता अनुसार प्रत्यक्षदर्शीको घटनाको सम्बन्धमा तत्काल घटनाविवरण कागज गराउने । घटनाविवरण कागज गरिएका मानिसहरुको सम्पर्क नं, वतन र परिचय खुल्ने कागजात मिसिल संलग्न गर्ने । प्रत्यक्षदर्शीको भनाईको अडियो भिडियो रेकर्ड बनाई मिसिल संलग्न गर्ने ।

५. जाहेरी दर्ता गर्न आएका जाहेरवाला र पीडितसँग छुट्टाछुट्टै एक्लै राखेर वारदात र जाहेरी ब्यहोराको विवरणको सत्यताको सम्बन्धमा र संलग्न सबुत प्रमाणहरुको विषयमा यथार्थ विवरण यकिन गर्न अनुसन्धान अधिकारीले परामर्श गरी जाहेरी दर्ता गर्ने ।

६. कुन दर्जाको अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने हो सम्बन्धित अधिकारीले सो अनुसारको अनुसन्धान अधिकारी तोकी अनुसन्धानमा सहयोग गर्ने कर्मचारीहरु तोक्नुपर्ने ।(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ र सम्बन्धित कानूनमा अनुसन्धान अधिकृत हुन तोकिएको दर्जा सम्बन्धी विवरण यकिन गरी तोक्ने।)

७. लैङ्गिक हिंसासँग सम्बन्धित मुद्दाका पीडित, जाहेरवाला, पीडित बालबालिका र कानूनको विवादमा परेका बालबालिकाहरुको हकमा व्यक्तिको मनोसामाजिक भाव अध्ययन गर्न सक्ने महिला प्रहरी, प्रहरी कर्मचारी र अनुसन्धान अधिकारीबाट तत्काल वारदातका सम्बन्धमा परामर्श गर्ने।

८. फरक शारीरिक क्षमता भएका सांकेतिक भाषामा कुराकानी गर्ने पीडित र दोभाषे आवश्यक पर्ने अवस्थामा सांकेतिक भाषा बुझ्ने व्यक्ति र दोभाषेको सहयोगमा पीडितको जाहेरीको सनाखत र घटनाविवरण कागज गराउने । पीडित बालबालिका र घटना बारे थाहा पाउने व्यक्ति बालबालिका भएको खण्डमा अनिवार्य रुपमा अभिभावकलाई रोहवरमा राख्ने ।

९. लैङ्गिक हिंसामा परेका पीडित र जाहेरवालालाई आवश्यकता अनुसार सुरक्षामा समेत ध्यान दिई प्रहरीको निगरानीमा हुने गरी सेफ हाउसहरुमा राख्ने ।

१०. जाहेरी दर्ता गर्न आएका जाहेरवाला र पीडितको उमेर, परिचय खुल्ने आधिकारिक कागजातहरु, वतन र सम्पर्क नम्बर अनिवार्य रुपमा मिसिल संलग्न गर्ने ।

११. घटना वारदातको प्रकृति अनुसारको मुद्दा दर्ता गर्ने, मुलुकी फौजदारी कार्यविधि सहिंता, २०७४ को अनुसूची १ मा समावेश भएका र प्रहरीले अनुसन्धान गर्ने भनी कानूनले तोके बमोजिमका कसूरहरु यकिन गरी मुद्दा दर्ता गर्ने।

१२. मुद्दाको हदम्याद ख्याल गरी अनुसन्धान कार्य सम्पन्न गर्ने ।

१३. प्रतिवादी/कानूनको विवादमा परेका बालबालिका पक्राउ/नियन्त्रणमा लिएको भए मुद्दा हेर्ने अधिकारीको अनुमति लिई हिरासत/निगरानीमा राख्ने, गैरकानूनी हिरासत/नियन्त्रणमा पर्न सक्ने अवस्थालाई ध्यान दिने ।

१४. प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको पहिचान, उमेर, तीन पुस्ते विवरण र वतन खुल्ने आधिकारीक कागजात संकलन गरी सो कागजातलाई सम्बन्धित निकायबाट प्रमाणित गराई/आधिकारिकता पुष्टी गराई मात्र मिसिल संलग्न राख्ने।

१५. उमेर पुगेका नेपाली नागरिक प्रतिवादीहरुको हकमा नागरिकता लगायत नेपाल सरकारद्वारा जारी परिचय खुल्ने विवरणको प्रतिलिपी मिसिल संलग्न गर्ने ।

१६. प्रतिवादी विदेशी नागरिक भए पासपोर्ट लगायत सम्बन्धित देशबाट जारी परिचय खुल्ने विवरण सहितको प्रतिलिपी मिसिल संलग्न गर्ने ।

१७. कानूनको विवादमा परेका बालबालिकाहरुको उमेर खुल्ने आधिकारिक कागजातहरुमा जन्मदर्ताको प्रतिलिपी सहित उमेर खुल्ने कागजातको प्रतिलिपी अनिवार्य रुपमा मिसिल संलग्न गर्ने । कानूनको विवादमा परेका बालबालिकाहरुको अभिभावकको समेत परिचय पत्र र उमेर खुल्ने आधिकारिक कागजात मिसिल संलग्न गर्ने ।

१८. प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाहरुको सम्पर्क नम्बर, ईमेल र सामाजिक सञ्जाल फेसबुक लगायतमा कुनै आईडि बनाएको भए सो विवरण समेत संकलन गरी मिसिल संलग्न गर्ने ।

१९. हिरासत र नियन्त्रणमा रहेका प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको फोटो खिचि मिसिल संलग्न गर्ने ।

२०. फरार प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको फोटो संकलन गरी मिसिल संलग्न गर्ने ।

२१. पक्राउ परेका प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको औंठाछाप अनिवार्य रुपमा तोकिएको ढाँचामा मिसिल संलग्न गर्ने ।

२२. प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाहरुको निजको नाममा भएको तथा एका सगोल घरपरिवारको पारिवारिक विवरण संकलन गरी सम्पत्ति विवरण खोजबिन गरी मिसिल संलग्न गर्ने ।

२३. घटनाविवरण कागज गर्ने प्रत्यक्षदर्शी लगायतका मानिसहरुको वतन, परिचय र उमेर खुल्ने कागजात र सम्पर्क नम्बर अनिवार्य रुपमा मिसिल संलग्न गर्ने ।

२४. मुद्दाको विषयमा धारणा लिइएका सम्बन्धित विज्ञहरु र प्रतिवेदक लगायतको वतन, परिचय, उमेर खुल्ने कागजात र सम्पर्क नम्बर अनिवार्य रुपमा मिसिल संलग्न गर्ने ।

२५. पक्राउ प्रतिवादी/ नियन्त्रणमा लिएका कानूनको विवादमा परेका बालबालिकाको घर कोठा यथाशक्य छिटो खानतलासी गर्ने ।

२६. बरामद गर्दा कसूरसँग सम्बन्धित दशी वा चिजबस्तु मात्र बरामद गर्ने, सम्बन्ध नभएका अनावश्यक चिजबस्तु बरामद नगर्ने ।

२७. बरामद भएको भए दशी चिजबस्तु प्रतिवादी, कानूनको विवादमा परेका बालबालिकाहरु, जाहेरवाला, पीडित र सम्बन्धित व्यक्तिको सनाखत कागज गराउने।

२८. आवश्यकता अनुसार पीडित, जाहेरवाला, प्रत्यक्षदर्शीबाट प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको फोटो र पक्राउ/नियन्त्रणमा रहेको प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको सनाखत गराउन आवश्यक भएको अवस्थामा सनाखत कागज गराउने ।

२९. प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाबाट अन्य प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको आवश्यकता अनुसार सनाखत गराउने ।

३०. प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाहरुले प्रयोग गर्ने मोवाइलको वारदातको विषयसँग सम्बन्धित रहेर कल डिटेल रेकर्ड, मोवाइल लोकेशन र एसएमएस संकलन गरी विश्लेषण गरी मिसिल संलग्न गर्ने ।

३१. कसूरसँग सम्बन्धित फोटो, अडियो, भिडियो, सि.सि. टिभी फुटेज समेत बरामद भएका प्रमाणहरुको संकलन गरी आवश्यकता अनुसार विधि विज्ञान प्रयोगशालामा पठाई विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परिक्षण प्रतिवेदन समेतको विश्लेषण गरी मिसिल संलग्न गर्ने।

३२. जाहेरीमा घटना देख्ने, सुन्ने उल्लेख भएकोमा ती व्यक्तिहरुको र अन्य घटना देख्ने सुन्ने व्यक्तिहरुको कागज गराई विश्लेषण गर्ने । सकेसम्म पीडक र प्रतिवादी पक्षका मानिसहरुलाई कागज नगराउने ।

३३. पीडित, जाहेरवाला र साक्षीहरुको सुरक्षामा ध्यान दिने ।

३४. हिरासतमा राख्न पाईने म्याद सकिनु भन्दा कम्तिमा ५ दिन अगावै अनुसन्धान प्रतिवेदन सरकारी वकील कार्यालय समक्ष पेश गर्ने ।

३५. अनुसन्धानको क्रममा सरकारी वकीलबाट दिएको निर्देशन पालना नगर्ने कार्य कारबाहीको दायरामा आउने हुनाले सरकारी वकील कार्यालयबाट दिएको निर्देशन अनिवार्य रुपमा पालन गरी अनुसन्धान र प्रमाण संकलन गर्ने ।

३६. प्राप्त जाहेरी दरखास्त वा सूचना भ्रमपूर्ण, झुट्टा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा सम्बन्धित अनुसन्धान अधिकारीले सो कुरा खुलाई तीन दिन भित्र सरकारी वकील कार्यालयमा प्रतिवेदन सहित तामेलीमा राख्नका लागि मिसिल पठाउनुपर्ने । ( मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११)

३७. प्राप्त जाहेरीलाई आवश्यक कारवाही अगाडी बढाउनु पर्ने ।

३८. फरक मुद्दाको फरक तथ्य र घटना हुने भएकोले म्याद थपको मागलाई आधार र कारण खुलाई मात्र माग गर्ने । म्याद थप भएको समय भित्र अनुसन्धान भएका विषयहरु खुलाउने ।

३९. सरकारी पक्षका साक्षी उपस्थिति गराउने जिम्मा अनुसन्धान र अभियोजन पक्षकै भएकाले त्यसलाई महत्व दिने । उपस्थित गराउन नसकेमा कारण सहित मुचुल्का तयार गरी मुद्दा हेर्ने अधिकारी र अदालतमा जानकारी गराउने प्रयोजनका लागि पत्र सहित मुचुल्का सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने ।

४०. फरार भएका प्रतिवादीहरुको हकमा हदम्याद भन्दा करिव ३ महिना अगावै सक्कल मिसिल पेश गर्ने ।

४१. प्रहरी प्रतिवेदनबाट चलाईएका जिल्ला प्रशासन कार्यालयमा दायर हुने अभद्र व्यवहार मुद्दा दर्ता गरी अनुसन्धान गर्ने कार्यलाई कम गर्ने ।

४२. हिरासतमा राखी अनुसन्धान गर्न दिएको म्यादमा केही थप काम नगरी पुनः म्याद थप गर्ने अवस्थातर्फ अनुसन्धान अधिकारीले विशेष रुपमा ध्यान दिने ।

४३. प्रतिवादी नखुलेका र प्रतिवादीको संलग्नता नभएका भवितव्य घटनाका सम्बन्धमा घटना घट्ने वित्तिकै मृतकको आफन्तहरु लगायत घटना बारे थाहा पाउने व्यक्तिहरु लगायतको कागज तथा अनुसन्धान गर्ने । (२ वर्ष पुग्न लाग्दा घटनाविवरण कागज लगायतका अनुसन्धाका कार्य गर्ने प्रवृत्ति बन्द गर्नु पर्ने । )

४४. कम कैद सजाय हुने मुद्दाको अनुसन्धान गर्दा हिरासत बाहिर राखी अनुसन्धान गर्ने प्रचलनमा बढाउनु पर्ने । (जिम्मा जमानीमा, हाजिर जमानी र धरौटीमा राखि अनुसन्धान गर्ने)

४५. अनुसन्धामा सहयोग गर्ने कानूनको विवादमा परेका बालबालिका/प्रतिवादीलाई सजायमा छुट लिने तर्फ अनुसन्धानको शुरु चरण देखि नै पहल गर्ने । संहिता र विशेष कानूनहरुमा भएको सजाय छुट सम्बन्धमा नियन्त्रण/पक्राउ पर्ने बित्तिकै प्रारम्भिक सोधपुछ र बयान/सोधपुछको क्रममा जानकारी दिई प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाको बयान/सोधपुछ गराउने । (सजायमा छुट दिने मागदावी सम्बन्धी निर्देशिका, २०८० जारी भैसकेको ।)

४६. आफूले दिईएको साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थति गराउन नसकिने कारण देखाई तत्काल साक्षी उपस्थित गराई वकपत्र गराई पाउँ भनी अदालतमा निवेदन दिने विषयमा अभियोग पत्र दायर गर्दा अनुसन्धान अधिकारी र सरकारी वकीलबीच समन्वय हुनुपर्ने । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१(५) ।

४७. सरकारी निकायसँग अनुसन्धानको क्रममा माग गरिएका कागजातहरु उपलब्ध नगराउने तथा अनुसन्धान तथा मुद्दाको अन्य काम कारबाहीमा असहयोग गरेमा सरकारी वकील सम्बन्धी नियमावली २०७७ को नियम ३५ मा बमोजिम आवश्यक विभागीय कारबाही गर्न लेखि पठाउन सक्ने भएकोले सो तर्फ पनि सचेत गराउने ।

४८. क्षतिपूर्ति तर्फको दाबी लिंदा पीडितलाई हाल भएको वास्तविक क्षति, भविष्यमा हुने क्षति र हालको अवस्था समेत खुलाउने ।

४९. प्रतिवादी पटके कसूरदार भए सजाय भएको अन्तिम फैसला मिसिल संलग्न गर्ने ।

**कानूनको विवादमा परेका बालबालिका भएका मुद्दाको अनुसन्धान कार्यविधि**

१. बालबालिकाको उमेर कायम गर्ने आधार । (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ बमोजिम)

२. बालबालिका सम्बन्धी ऐन २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ अनुसारको अनुसन्धान कार्यविधि अवलम्वन गर्ने ।

- अनुसूची १ अनुसार कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई नियन्त्रणमा लिंदा दिइने सूचनाको ढाँचा ।
- अनुसूची २ अनुसार बालबालिकालाई जिम्मा लगाउँदा गराउने ढाँचा ।

- अनुसूची ३ निगरानी कक्षमा राखी अनुसन्धान गर्न अनुमति पाउन दिइने निवेदनको ढाँचा ।

३. कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको लागि प्रयोग गरिने शब्दावलीहरु

महान्यायाधिवक्ताको कार्यालयको प्रशासन शाखाको चलानी नं १७६३, मिति २०७८।१।२ को निर्देशन सम्बन्धमा जारी गरिएको पत्रको निर्देशन नं १२ मा कसूरको अनुसन्धान, अभियोजन तथा अन्य काम कारबाही गर्दा नयाँ शब्दावलीको प्रयोग गर्ने सम्बन्धी विषय उल्लेख छ ।

| | |
|---|---|
| प्रतिवादी | कानुनको विवादमा परेको बालक/बालिका |
| अपराध | कसूरजन्य कार्य |
| हिरासत | निगरानी कक्ष |
| प्रक्राउ | नियन्त्रणमा लिने |
| बयान | सोधपुछ |

४. बालबालिका लगायत अन्य पीडितका कागजात गोपनियता राख्दा (जस्तै जन्म दर्ता, नागरिकता....) मा टिपेक्स नलगाउने सोको उतार गरी मिसिल सामेल गर्ने । (जस्तै कम्प्युटरमा फर्मेट विकास गर्न सकिने) सक्कललाई खामबन्दी गरी मिसिल सामेल गर्ने ।

५. बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम कानुनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने तर्फ अनुसन्धान तथा अभियोजन पक्षले ध्यान दिने ।

६. मनोवैज्ञानिक तथा मनोसामाजिक प्रतिवेदन राख्ने तर्फ पहल गर्ने ।

७. पक्राउ परेको २१ दिन भित्र मुद्दा दायर गरिसक्नुपर्ने हुँदा म्याद हेर्ने ।

८. एउटै वारदातमा नाबालिग र सावालिग भएमा छुट्टा छुट्टै अनुसन्धान फाईल तयार गर्ने।

**सवारी ज्यान/सवारी अंगभंग मुद्दामा**

१. प्रहरी तत्काल दुर्घटनास्थलमा पुगी घटनास्थल मुचुल्का स्केच सहित तयार गर्ने । मुचुल्कामा सडकको वास्तविक अवस्थाको सम्पूर्ण विवरण खुलाउने स्केच सहित । (जस्तै ओभटयाक गर्न मिल्ने हो वा होइन, कुनै सडक चिन्ह छ वा छैन, सडकमा कुनै वस्तु राखिएको छ छैन, जंशन, सडकको अवस्था, जेब्रा क्रसिङ चिन्ह, सडकको चौडाई, सडकमा टायरको डाम, दुर्घटना भएको स्थलको सम्पूर्ण विवरण खुलाउने)

२. दुर्घटनास्थलको विभिन्न एंगलबाट सवारी साधन सहितको चारैतिरको फोटो र भिडियो तयार गर्ने ।

३. सडक दुर्घटना प्रतिवेदन र दुर्घटनासँग सम्बन्धित स्थलको फोटो भिडियो सडक दुर्घटना प्रतिवेदकबाट माग गरि तत्काल मिसिल संलग्न गर्ने ।

४. सडक दुर्घटनास्थलमा तत्काल पुग्ने ट्राफिक प्रहरीबाट सडक दुर्घटना प्रतिवेदन तयार गर्न लगाउने ।

५. सवारी चालकले दुर्घटना भए पश्चात भागेको हो वा उद्दारमा लागेको हो । यकिन गरी खुलाउने ।

६. नेपाली नागरिक प्रतिवादीको सवारी चालक अनुमतिपत्र भए नभएको आधिकारिक निकायबाट पुष्टि गरी मिसिल संलग्न गर्ने ।

७. नेपाली नागरिक प्रतिवादीको भारतीय वा अन्य देशको सवारी चालक अनुमतिपत्रको आधिकारिकता पुष्टि हुन नसक्ने हुनाले मिसिलमा नराख्ने । तर भारतीय व्यक्ति भारतीय गाडी र भन्सार तिरेर आएको छ । उसको भारतीय सवारी चालक अनुमती पत्र छ भने मिसिल सामेल गर्ने ।

८. स्वास्थ परीक्षण प्रतिवेदनमा मादक पदार्थ वा लागूपदार्थ सेवन गरे नगरेको यकिन गर्ने गराउने।

९. ज्यान मार्ने नियतले ब्याक गरेर अथवा अन्य अवस्थामा दुर्घटना गराएर मृत्यु वा अंगभंग भए सो समेत यकिन गरी अनुसन्धान कार्य अगाडि बढाउने ।

१०. सडक दुर्घटना प्रतिवदेन हेर्ने, लापरवाही वा हेलचेक्राईका तत्वहरु छ छैनन । यकिन गर्ने जस्तै

- तीव्र गतीमा सवारी साधन चलाएको अवस्था भए नभएको ।
- गलत दिशामा गएर ठक्कर दिएको ।किचेको ।
- जेब्रा क्रसमा ठक्कर दिएको । किचेको ।
- ट्राफिक लाईटमा रोके नरोकेको ।
- अन्य तोकिएका नियमहरु पालना गरे नगरेको ।
- चालकले मादक पदार्थ सेवन गरे नगरेको ।
- तोकिएको संख्या भन्दा अमिल्दो बढि संख्यामा मानिसहरु राखि सवारी साधन चलाएको ।

११. दुर्घटना भए गराएको सवारी साधनको अवस्था तथा मेकानिकल जाँच प्रतिवेदन हेर्ने । उपलब्ध भए सम्म नेपाल सरकारबाट मान्यता प्राप्त मेकानिकल ईन्जिनियरबाट मात्र चेक जाँच गराउने ।

१२. सवारी साधनको जिम्मा वा सवारी धनी को हो आधिकारिक निकायबाट खुलाउने । सवारी धनीको नेपाल सरकारद्वारा जारी परिचय खुल्ने विवरण मिसिल संलग्न गर्ने ।

१३. सवारीको तेस्रो पक्ष बीमा छ छैन यकिन गर्ने ।

१४. अंगभंगको अवस्थामा घा जाँच केश फारम भर्न लगाउने । घा जाँच केश फारममा घाइतेको कुन कुन अंग अंगभंग भएको हो चिकित्सक समक्ष स्पष्ट नेपाली र अँग्रेजी दुवै भाषामा खुलाउन लगाउने ।

१५. घाइते अंगभंग भएकोमा सम्बन्धित चिकित्सकबाट शारीरिक स्थितिको बारेमा खुलाउन लगाउने ।

१६. अंगभंगको अवस्थाको विश्लेषण गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा १९२ को अंगभंगको अवस्था सम्बन्धमा समेत चिकित्सकलाई जानकारी गराई विश्लेषण गर्न लगाउने ।

१७. शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण नेपाली र अँग्रेजी दुवै भाषामा स्पष्ट रुपमा यकिन गर्न लगाउने । मृत्युको कारण हेर्ने ।
१८. प्रत्यक्षदर्शी भए तत्काल कागज गराउने ।
१९. सिसिटिभी फुटेज र प्रहरी दुर्घटनास्थलमा पुग्नु भन्दा अगाडि कसैले दुर्घटनाको भिडियो रेकर्ड गरेको भए सो समेत सम्बन्धित व्यक्तिबाट सनाखत गराई मिसिल संलग्न गर्ने ।
२०. दुर्घटनाको घाइते तथा पीडितको तत्काल कागज गराई मिसिल संलग्न गर्ने ।
२१. कतिपय अवस्था कसुरदारलाई जोगाउन सवारी चालक अनुमति पत्र भएका नक्कली सवारी चालकहरु खडा गरी आउने र ल्याउने सम्भावना समेत हुने भएकाले सो तर्फ विशेष ध्यान दिई अनुसन्धान गर्ने ।
२२. अनुसन्धान प्रतिवेदन लगायतमा गोपनियता कायम गर्ने ।

**सवारी ज्यान मुद्दाको क्षतिपुर्ति सम्बन्धमा**

१. घाईतेको उपचार भईरहेको वा के छ अवस्था खुलाउने ।
२. घाउ जाँच केश फारम गराउने ।
३. सवारी दुर्घटनामा परी मृत्यु भएकोमा पीडित पक्षले क्रिया खर्च तथा औषधोउपचार खर्च पाए नपाएको यकिन गर्ने । क्षतिपूर्ति दिलाउन तर्फ विशेष ध्यान दिने ।
४. क्षतिपूर्ति नपाएको भए छुट्टै क्षतिपूर्ति सम्बन्धि अभियोगपत्र जिल्ला प्रशासन कार्यालयमा दायर गर्नुपर्ने प्रयोजनका लागि प्रतिवादीहरुको चल अचल सम्पत्ति र स्रेस्ता विवरण प्राप्त गरी मिसिल संलग्न गर्ने ।

**लागू औषध मुद्दामा**

१. वारदातमा प्रतिवादीको साथबाट बरामद भएको कुन लागूपदार्थ हो वा प्रतिवन्धित औषधी हो । नेपाल सरकारले लागू औषध भनी प्रकाशित गरेको सूची अनुसार यकिन गरी बरामद गर्ने ।
२. बरामद गर्दा कसूरसँग सम्बन्धित दशी वा चिजबस्तु मात्र बरामद गर्ने र सम्बन्ध नभएका अनावश्यक चिजबस्तुहरु बरामद नगर्ने ।
३. बरामदित लागू औषध नमूना परीक्षणका लागि पठाईएकोमा आधिकारिक प्रयोगशालाको प्रतिवेदनबाट पुष्टि गराउने ।
४. बरामद गरिएको लागू औषध मात्रा कति छ । कुन अवस्थामा प्रतिवादीबाट बरामद भएको छ। के गरिरहेको अवस्थामा बरामद भएको हो । बरामद लागू औषध सहित लागू औषध सेवन गर्ने र बिक्री वितरण गर्न प्रयोग गरिने सामाग्रीहरु बरामद भएका छन् की छैनन। स साना कति पुडियामा बरामद भएका छन् । बिक्री वितरण गर्दै गरेको र बिक्री वितरणसँग सम्बन्धित अडियो भिडियो भए मिसिल संलग्न गर्ने ।
५. बिक्री वितरण र कारोबार तथा सेवन प्रयोजन के का लागि लागू औषध ल्याइएको हो । यकिन गरी अनुसन्धान कार्य अगाडि बढाउने ।

६. प्रतिवादीहरुको कल डिटेल्स लगायत कसूरसँग सम्बन्धित अडियो भिडियो समेतका प्रमाणहरु प्राप्त गर्ने ।
७. बिक्री वितरणको कसूरमा प्रयोग भएको वा कसूरबाट आर्जन गरेको सम्पत्ति जफत गर्नुपर्ने चिजबस्तु साधनहरु के के छन । विवरण माग गरी खुलाउने ।
८. लागू औषधको कारोबारबाट अत्याधिक मात्रामा सम्पत्ति आर्जन गरेको देखिएमा सम्पत्ति शुद्धिकरण सम्बन्धी अनुसन्धानको लागि समेत लेखी पठाउने ।
९. लागू औषध नभई प्रतिबन्धित औषधी भएको लागू औषध (नियन्त्रण) ऐन, २०३३ अनुसार अनुसन्धान कार्य अगाडि बढाउन नसकिने भएमा औषधी व्यवस्था विभागमा लेखी पठाउने ।
१०. भारतीय नागरिक/विदेशीको लागू औषधमा संलग्नता देखिएमा सुक्ष्म रुपमा निजहरुको संलग्नता सम्बन्धमा अनुसन्धान गर्ने ।
११. कल डिटेल रेकर्डको विश्लेषण प्रतिवेदन पेश गर्दा कुन कुन प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकासँग कति पटक कुन कुन नं बाट कुन मितिमा कति समय कल भएको देखिन्छ सो विवरण खुलाएर राख्ने ।
१२. प्रतिवादी लागू औषधको बारम्बार कसूर गर्ने कसूरदार भए सजाय भएको अन्तिम फैसला मिसिल संलग्न गर्ने ।

**जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, बालबालिका माथि भएको अप्राकृतिक मैथुन र बालयौन दुर्व्यवहार मुद्दामा**

१. पीडित र पीडितको परिवारको गोपनियतालाई विशेष ध्यान दिने ।
२. पीडितलाई स्वास्थ्य परीक्षण गर्न लिनु अघि वारदातको सम्बन्धमा यथार्थ विवरणको सूचना संकलन गर्ने ।
३. पीडितको समयमै स्वास्थ्य परीक्षण गराई यौनजन्य अपराध सम्बन्धी परीक्षण प्रतिवेदन प्राप्त गर्ने ।
४. पीडितको तत्काल घटना विवरण कागज कागज गराउने ।
५. पीडितको स्वाब संकलन गर्ने र तत्काल परीक्षणका लागि पठाउने र समयमै प्रतिवेदन प्राप्त गर्ने ।
६. प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाको समेत स्वास्थ्य परीक्षण गराई अनिवार्य रुपमा यौनजन्य अपराध सम्बन्धी परीक्षण प्रतिवेदन प्राप्त गर्ने ।
७. घटना विवरण कागज तयार गर्दा घटना देख्ने, सुन्ने र पीडितको जाहेरी र घटनाविवरण कागजलाई समर्थन हुने गरी गर्ने ।( प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाको आफन्त तथा परिवारका मानिसहरुलाई साक्षी नबनाउने)
८. दशीका चिजबस्तुहरु (कपडा र सामाग्रीहरु) समेत मौकामै बरामद गरी परीक्षणका लागि पठाउने ।

९. अनुसन्धान अवधिमा पीडितलाई सम्पर्कमा राख्ने, सुरक्षा तथा संरक्षण आवश्यक परेमा सोको प्रबन्ध गरिदिने, प्रहरीको निगरानीमा रहने गरी सेफ हाउसमा राख्ने र अभियोगपत्र पेश गर्ने बेलामा बकपत्रका लागि अनिवार्य उपस्थित गराउने ।

१०. प्रत्यक्षदर्शी र पीडितलाई उद्धार गर्ने व्यक्तिको संरक्षण र सुरक्षामा ध्यान दिने ।

११. पीडितलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने ।

१२. कानूनको विवादमा परेका बालबालिकाहरु कसूरमा संलग्न हुनुको कारणबारे मनोसामाजिक प्रतिवेदन सम्बन्धित निकायबाट माग गरी मिसिल संलग्न गर्ने ।

१३. पीडितको संरक्षण र स्वास्थ्य उपचारका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने ।

१४. पीडित प्रभाव प्रतिवेदन अनिवार्य रुपमा पेश गर्न लगाउने ।

१५. नावालकहरुले भागी प्रेम विवाह गर्ने । अन्य संघ सस्था र केटीको घरपरिवारबाट जबरजस्ती करणीको जाहेरी दिने भएकाले वास्तविकता बुझी जाहेरी लिने । बाल विवाह भएमा सोमा जाहेरी लिएर बालविवाहमा मात्र जाहेरी अनुसार अनुसन्धान गर्ने ।

१६. गोपनियता राखिएका कागजातहरुमा टिपेक्सको प्रयोग नगरी उतार गरी राख्ने र सक्कल कागजात गोप्य खामबन्दी फाइलमा राख्ने ।

१७. स्वास्थ्य परीक्षण प्रतिवेदनमा स्पष्ट रुपमा पीडितलाई जबरजस्ती करणी र अप्राकृतिक मैथुन गर्दा संकेतका चिन्हहरु, शरिरका विभिन्न भागमा घाउ चोटहरु र सो को उद्योगमा शरिरमा घाउ चोटहरु लागेको देखिएमा विस्तृत रुपमा नेपाली र अँग्रेजी दुवै भाषामा खुलाउन लगाउने ।

**ज्यान सम्बन्धी मुद्दा**

१. वारदातको सम्बन्धमा यथार्थ विवरण खुल्ने फोटो र भिडियो संकलन गरी घटनास्थल मुचुल्का तयार गर्ने ।

२. वारदातमा प्रयोग भएको हात हतियार वा साधन के हो । सो बरामद भएको छ छैन । दशी के के छ । दशी सनाखत भएको छ छैन हेर्ने ।

३. घाईतेको तत्काल घा जाँच केश फारम सम्बन्धित चिकित्सकबाट गराउन लगाउने ।

४. पीडित घाइते अवस्थामा रहेकोमा घाइतेलाई लागेको चोट र गम्भीर अवस्थाका सम्बन्धमा तथा तत्काल उपचार प्राप्त नगरेको भए स्वास्थ्यमा पार्ने असर र ज्यान जान सक्ने अवस्थाका सम्बन्धमा विस्तृत रुपमा घा जाँच केश फारम तयार गर्ने चिकित्सकबाट खुलाउन लगाउने । घा जाँच केश फारमको विश्लेषण गर्ने ।

५. घाईतेको अवस्था । घाउ जाँच केश फारम हेर्ने । घाउको अवस्थाको विश्लेषण गर्ने ।

६. घाइते र मृतकको शरिरमा लागेका घाउ चोटको फोटो मिसिल संलग्न गर्ने ।

७. मृतकको लाश जाँच मुचुल्कामा घाउको विवरण स्पष्ट रुपमा खुलाउने ।

८. मृतकको शरिरमा लागेका घाउहरुको अवस्थाको विश्लेषण र मृतकको मृत्युको कारण स्पष्ट रुपमा व्याख्या सहित नेपाली र अँग्रेजी दुवै भाषामा शव परिक्षण प्रतिवेदनमा उल्लेख गर्न लगाउने ।
९. दशीका चिजबस्तुहरु (कपडा, रगत, सरसामान र हतियार) समेत मौकामै बरामद गरी परीक्षणका लागि पठाउने । सम्बन्धित व्यक्तिबाट सनाखत गराउने ।
१०. के कुन अवस्थामा पीडित माथि प्रहार भएको हो यथार्थ विवरण चित्रण गर्ने ।
११. प्रत्यक्षदर्शी र उद्धार गर्ने मानिसहरुको तत्काल कागज गराउने ।

**मानव बेचविखन तथा ओसारपसार मुद्दामा**

१. पीडितको घटनाको बारेमा यथार्थ विवरण सहितको तत्काल बयान गराई अदालतमा प्रमाणीकरण गराउने ।
२. के कुन उद्देश्यले पीडितलाई के कसरी लिएर गएको हो । वारदातको सुरुस्थल र अन्त्यस्थल सम्मका सम्पूर्ण विवरण खुलाउने ।
३. नेपाल भारत सिमानामा पीडितको उद्धार गरिएको वा अन्य कुनै स्थानमा उद्धार गरिएको भए उद्धार गर्ने मानिसहरुको निजहरुलाई वारदातका विषयमा थाहा भएको सम्बन्धमा तत्काल घटनाविवरण कागज गराउने ।
४. पीडकले गरेको कसूरबाट कुनै लाभ लिन वा लिएको छ वा छैन सो तर्फ ध्यान दिने ।
५. बालबालिका विवाह गरी भागेको हो वा घर परिवारको दबाव वा धार्मिक संस्कृतिका कारणबाट मानब बेचबिखनमा जाहेरी आएको छ सो तर्फ ध्यान दिने ।

**बहुविवाह मुद्दा**

१. विवाह गर्ने पुरुष र महिलाको घर ठेगाना बसोबास हेर्ने ।
२. विवाह दर्ता छ छैन । सन्तानको जाय जन्म भएको छ छैन हेर्ने ।
३. प्रमाणको रुपमा विवाह गरेको फोटो भिडियो छ छैन ।
४. बहुविवाह सँगै बालविवाह भएको हो होईन यकिन हेर्ने ।

**ठगी मुद्दा**

१. ठगी के, कुन, कहाँ, कहिले, किन र कसरी गरेको हो यकिन गर्ने । जाहेरीमा खुलाउन लगाउने ।
२. जाहेरीमा बिगो खुलेको र बिगोको मूल्यांकन गरी रकम खुलाएको छ छैन यकिन गर्ने ।
३. रकमको आधिकारिकता समेतलाई यकिन गर्ने ।
४. ठगी गरी अनुचित लाभ लिएको छ वा छैन सो तर्फ समेत यकिन गर्ने ।
५. जाहेरवालाले दावी लिएको ठगीको रकमको आधिकारिकता जाहेरवालाबाट खुलाउन लगाउने । स्रोत नखुलेमा सम्पत्ति शुद्धिकरणतर्फ अनुसन्धान गर्ने ।

**चोरी तथा डाँका मुद्दा**

१. चोरी र डाँका भएका सामानहरुको बिल जाहेरवालाबाट पेश गर्न लगाउने ।

२. चोरी र डाँका भएको मालसामान बरामद भएको छ छैन । खाए मासेको केही विवरण अभिलेख छ छैन यकिन गर्ने ।

३. चोरी र डाँका गरेको सिसिटिभी फुटेज र भिडियो भए मिसिल संलग्न गर्ने ।

४. बरामद सामाग्रीहरुको दसी सनाखत मुचुल्का जाहेरवालाबाट गराउने ।

५. बिगो खुलेको र बिगोको मूल्यांकन गरी रकम खुलाएको छ छैन यकिन गर्ने ।

६. सम्बन्धित निकायबाट विगो खुलाउन लगाउने ।

७. आफ्नो स्वामित्व र कब्जाको सम्पत्ति हो भन्ने पुष्टी गर्न लगाई चोरी वा डाँकामा जाहेरी लिने ।

८. प्रतिवादीहरुबाट बल प्रयोग भएको छ की छैन यकिन गर्ने ।

**अपहरण तथा शरीरबन्धक मुद्दा**

१. पीडितको उद्दार भएको छ छैन हेर्ने, पीडित अपहरणमुक्त भएको मितिले ६ महिना हदम्याद हुने हुँदा सो तर्फ ध्यान दिने ।

२. छोरा छोरी विवाह गरी भारत तर्फ भाग्ने र केटी पक्षबाट केटाको घरपरिवारका सबैलाई विपक्षी बनाई जाहेरी दिने भएकोले सो तर्फ सचेत भै अनुसन्धान गर्ने ।

३. अपहरण कसरी भएको हो र के कुन प्रयोजनका लागि भएको हो अनुसन्धानमा खुलाउने।

**बैंकिङ्ग कसूर तथा विद्युतीय अपराध मुद्दा**

१. बैकिङ्ग कसूर तथा विद्युतीय अपराध सम्बन्धी मुद्दा सम्बन्धित जिल्लामा नै अनुसन्धान हुने भएकाले त्यस्ता मुद्दाको जाहेरी लिंदा हदम्यालाई विशेष ध्यान दिने ।

२. बैकिंङ्ग कसूरको चेक बाउन्सका मुद्दा मात्र सम्बन्धित जिल्ला अदालतमा अभियोग दायर हुने भएकाले सो चेकमा उल्लिखित रकमको आधिकारिता जाहेरी दिने पक्षबाट खुलाउन लगाउने ।

३. चेक बाउन्स मुद्दामा सम्बन्धित बैंकबाट बाउन्स के कसरी भएको हो विवरण खुलाउन लगाउने । मुद्दाको आवश्यकता अनुसार निश्चित समयको बैंक स्टेटमेन्ट सम्बन्धित बैंकबाट माग गर्ने ।

४. चेक बाउन्स बाहेकका अन्य बैकिङ्ग कसूर मुद्दामा बैंकलाई वा बैंकका बचतकर्ताको रकम कसरी हानी नोक्सानी पुगेको हो यकिन गरी अनुसन्धान गर्दा सम्बन्धित लेखा परीक्षण प्रतिवेदन र नेपाल राष्ट्र बैंकले अनुगमन गरी प्रतिवेदन दिएको भए सो प्रतिवेदन लगायत सम्बन्धित कागजातहरुको विश्लेषण गरी सम्बन्धित विज्ञहरुको समेत आवश्यकता अनुसार सहयोग र परामर्श लिने ।

५. बैंकिङ्ग कसूरको चेक बाउन्स  मुद्दामा पीडित र पीडक बीच मिलापत्र हुने तथा दुवै पक्ष मिलापत्र गर्न सहमत भएमा बैंकिङ्ग कारोबारलाई आधिकारिकता मानी मिलापत्रको प्रक्रिया अगाडि बढाउने ।

६. विद्युतीय अपराध मुद्दामा कसूरको सूचना थाहा हुने बित्तिकै विद्युतीय प्रमाणहरुलाई छिटो भन्दा छिटो संकलन गरी सुरक्षित राख्ने ।

७. विद्युतीय अपराध मुद्दामा संकलित सबुत प्रमाण आवश्यकता अनुसार विश्लेषणका लागि डिजिटल फरेन्सिक ल्याबमा पठाउने । प्राप्त सबुत प्रमाणहरुको विश्लेषण गरी मिसिल संलग्न गर्ने ।

८. बैंकिङ्ग कसूर र विद्युतीय अपराध मुद्दामा सम्बन्धित विज्ञहरुको आवश्यकता अनुसार परामर्श र सहयोग लिने ।

**सहकारी ठगी मुद्दा**

१. सहकारीबाट कुन किसिमले ठगी भएको भएको हो यकिन गर्ने । ऋण प्रवाह प्रचलित कानून बमोजिम भएको हो की होइन । बचतकर्ताको बचत  रकम दुरुपयोग भएको हो की । बचतकर्ताबाट रकम लिएर जम्मा नगरेर ठगी गरिएको हो की यकिन गर्ने । बचतकर्ताको बचत रकम व्यक्तिगत प्रयोजन र सहकारी सञ्चालनको मर्म विपरित अन्य प्रयोजनका लागि प्रयोग गरिएको हो की यकिन गर्ने । के कति रकम दुरुपयोग र हिनामिना  भएको हो । पीडित व्यक्तिको रकम कति हिनामिना भएको हो यकिन गर्ने । झुठा कागजातहरु तयार गरी रकम दुरुपयोग भएको हो की यकिने गर्ने । सहकारीको सम्पत्ति कति हिनामिना र नोक्सानी भएको हो यकिन गर्ने ।

२. सहकारी ठगीमा संलग्न जिम्मेवार व्यक्तिहरु सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी र अन्य व्यक्ति पहिचान गरी यकिन गर्ने ।

३. प्रत्यक्ष रुपमा रकम अपचलन गर्ने कार्यमा संलग्न भई सहकारीलाई हानी नोक्सानी गर्ने सञ्चालक समित, कर्मचारी र संलग्न व्यक्तिहरु र नीतिगत रुपमा सहकारीलाई हानी नोक्सानी गर्ने व्यक्तिहरुको पहिचान गर्ने ।

४. लेखा परिक्षण प्रतिवेदन, निरीक्षण प्रतिवेदन, आन्तरिक लेखा परिक्षण प्रतिवेदन, सम्बन्धित कागजातहरु, ऋण प्रवाह र कर्जा सम्बन्धी विवरण लगायतका कागजातहरुको अध्ययन गरी विश्लेषण गर्ने ।

५. सम्बन्धित प्रचलित कानून र सहकारी सञ्चालन सम्बन्धी कागजातहरुको अध्ययन गर्ने ।

६. आवश्यकता अनुसार लेखा र सहकारी विशेषज्ञको सहयोग लिएर अनुसन्धान कार्य अगाडि बढाउने ।

**प्रहरी अनुसन्धान अधिकारी र सरकारी वकील बीच समन्वय हुनु पर्ने विषयहरू:**

१. **जाहेरी दर्ता गर्ने विषयमा:** कुनै वारदात कुन कसूर अन्तरगतको वारदात हो वा अनुसुची १ अन्तरगत पर्ने प्रहरीले अनुसन्धान गर्ने वारदात हो वा होईन । यदि हो भने जाहेरी दर्ता गर्न ल्याएको तथ्य र उल्लेख भएको मुद्दाको विषय मिल्छ मिल्दैन भन्ने सम्वन्धमा प्रहरी अनुसन्धान अधिकारी र सरकारी वकील बीच समन्वय हुनु पर्ने देखिन्छ ।

२. **धरौटी वा हाजिर जमानीमा राखी वा हिरासतमा राखी मुद्दाको अनुसन्धान गर्ने विषयमा समन्वय:** कानूनको विवादमा परेका बालबालिका रहेको गम्भिर र जघन्य कसूर बाहेकका अन्य कसूरहरूमा कानूनको विवादमा परेका बालबालिकालाई लागेको आरोपको सामान्य कसूरहरुको अनुसन्धानमा अनुसन्धानको क्रममा सोधपुछ पश्चात जिम्मा लगाउने सम्बन्धमा । अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपर्युक्त नेदेखिएमा धरौटी वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिरी जमानीमा राखी अनुसन्धान गर्न सकिने भएको र सो गर्नु उपयुक्त पनि हुने अवस्था रहेकोले सो प्रयोजनको लागि । (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५)

हिरासत वा नियन्त्रण कक्षमा राखि मुद्दाको अनुसन्धान गर्नुपर्ने भएमा म्याद थप सम्बन्धमा ।

३. कानूनको विवादमा परेका बालबालिकाहरुलाई कानूनको परिधि भित्र परेका मुद्दामा दिशान्तर गर्ने सम्वन्धमा समन्वय ।

४. कानूनको विवादमा परेका बालबालिकाको सोधपुछ र प्रतिवादीको बयान गराउने विषयमा समन्वय:

- अभियोगमा छुट दिन सकिने विषयमा कानूनको विवादमा परेका बालबालिका र प्रतिवादीलाई जानकारी दिने तथा कानूनको विवादमा परेका बालबालिका र प्रतिवादीसँग सो सम्वन्धमा छलफल गर्ने सम्वन्धमा समन्वय ।
- सोधपुछ/बयान गराउने दिन, समय र सोधपुछ/बयानमा सोध्नु पर्ने प्रश्नको सम्वन्धमा समन्वय ।

५. अनुसन्धानका क्रममा कुनै द्विविधा भएमा सरकारी वकीलसँग लिखित र मौखिक परामर्श र सो परामर्श अनुसारको कार्य गर्नको लागि समन्वय ।

६. अनुसन्धानको क्रममा सरकारी वकीलले दिईएका निर्देशनहरूको कार्यान्वयन गर्ने सन्दर्भमा समन्वय ।

७. लगातार सुनुवाई हुने मुद्दामा अदालतको आदेश हुनासाथ साक्षीहरूलाई उपस्थित गराउने गरि तयारी अवस्थामा राख्ने सम्वन्धमा समन्वय ।

८. कुनै खास मुद्दामा अभियोग पत्रसाथ वादीको साक्षीहरू उपस्थित गराउने सम्वन्धमा समन्वय मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१(२) ।

९. आफूले दिईएको साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थति गराउन नसकिने कारण देखाई तत्काल साक्षी उपस्थित गराई वकपत्र गराई पाउँ भनि अदालतमा निवेदन दिने विषयमा समन्वय । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१(५) ।

१०. वकपत्रको लागि साक्षी उपस्थित गराउने तथा अन्य प्रमाण संकलन तथा पेश गर्ने विषयका सम्वन्धमा समन्वय ।

११. मुद्दाको काम कारबाही प्रकृया, शुरु तहबाट फैसला भएपछि र मुद्दाको अन्तिम किनारा भए पछि पीडितलाई जानकारी गराउने तथा पीडितले क्षतिपूर्ति पाउने गरी अन्तिम भएका मुद्दाहरुमा क्षतिपूर्तिको लागि पहल गर्ने विषयमा ।

**दोस्रो कार्यपत्र**

**अनुसन्धानको चरणमा तयार गरिने कागजातहरुः**

**नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता**
**जिल्ला सरकारी वकील कार्यालय, बर्दिया**
**२०८१ असार २२ गते**

**कसूरको अनुसन्धानः**

- कसूरको अनुसन्धान भन्नाले कसूर घटे नघटेको यकिन गरी कसूर घटेको भए कसूरमा संलग्न व्यक्ति, संलग्न व्यक्तिहरूको भूमिका र कसूरको उद्देश्य पत्ता लगाउन तोकिएको आधिकारिक निकायबाट गरिने कार्य ।
- कसूरसँग सम्बन्धित तथ्य र प्रमाणहरूको संकलन, संरक्षण, परीक्षण र विश्लेषण गर्ने कार्य ।
- फौजदारी कानूनले निषेध गरेको कार्य वा कसूर घटे नघटेको र घटेको भएमा त्यसको प्रकृति, त्यसमा संलग्न कसूरदारहरु, कसूरको उद्देश्य र संलग्न व्यक्तिहरूको भूमिका पत्ता लगाउने उद्देश्यले आधिकारिक निकायबाट गरिने कसूरसँग सम्बन्धित तथ्यहरुको संकलन, संरक्षण, परीक्षण र विश्लेषण गर्ने कार्य नै कसूरको अनुसन्धान हो ।
- कसूरसँग सम्वन्धित घटनास्थलको संरक्षण, सो को फोटो, अडियो, भिडियो लिने कार्य, वरामदी, खानतलासी, लाशजाँच, वस्तुस्थिति मुचुल्का, विशेषज्ञको शव परीक्षण प्रतिवेदन, विशेषज्ञबाट पीडित र अभियुक्तको स्वास्थ्य जाँच प्रतिवेदन, विशेषज्ञको वैज्ञानिक र भौतिक परीक्षण प्रतिवेदन, विशेषज्ञको राय, अभियुक्त तथा दसीको सनाखत, अभियुक्तको बयान, कानूनको विवादमा परेका बालबालिकासँग गरिएको सोधपुछ, पीडित र घटना देख्ने, थाहा पाउने व्यक्तिको कागज आदि तयार गर्ने कार्य ।
- "कसूर" भन्नाले अपराध संहिता वा अन्य ऐन बमोजिम सजाय हुने काम सम्झनु पर्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २(ङ)
- "गम्भीर कसूर" भन्नाले तीन वर्षभन्दा बढी दश वर्षसम्म कैद सजाय हुने कसूर सम्झनु पर्छ ।
- "जघन्य कसूर" भन्नाले जन्मकैद हुने वा दश वर्षभन्दा बढी कैद सजाय हुने कसूर सम्झनु पर्छ ।

**कसूरको अनुसन्धान गर्दा पालना गर्नुपर्ने कानूनी व्यबस्थाः विशेष प्रकृतिका मुद्दाहरुको कारबाहीमा पक्षहरुको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४, (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद २ को दफा ४ देखि ३१ सम्म लगायत सम्बद्ध अन्य दफाहरु), मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५, कसूरको अनुसन्धान सम्बन्धी नियमावली २०७५, बालबालिका संलग्न भएको मुद्दामा बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको ब्यवस्था, बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६, अपराध पीडित संरक्षण ऐन, २०७५, अपराध पीडित संरक्षण नियमावली, २०७७, प्रमाण ऐन, २०३१,**

**सजायमा छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८०, महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ र सम्बन्धित विशेष ऐन र नियमावलीमा भएको व्यवस्था, सम्बन्धित अनुसन्धान र अभियोजन गर्ने निकायले तयार पारेको दिग्दर्शन वन्यजन्तु सम्बन्धि कसूरका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालयद्वारा तयार गरिएको वन्यजन्तु सम्बन्धी कसूर अनुसन्धान र अभियोजन दिग्दर्शन, २०७७ र नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० पनि ख्याल गर्नुपर्ने ।**

**छुट्टै कानूनी व्यवस्था भएकोमा असर नपर्ने:**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३

(१) कुनै कसूरको अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने अधिकारक्षेत्र, सुनुवाइ फैसला कार्यान्वयन वा अन्य कुनै कारवाहीका सम्बन्धमा छुट्टै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले असर पार्ने छैन ।

(२) उपदफा (१) मा उल्लिखित छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको विषयमा यस संहिताको व्यवस्था लागू हुनेछ ।

**जाहेरी दरखास्त, सूचना वा प्रतिवेदन:**

- कसूरको जानकारी भएको कुनै व्यक्तिबाट कसूर सम्बन्धी सूचना प्राप्त गरेमा वा कार्यालयको कर्मचारीबाट कसूर सम्बन्धि सूचनाको जानकारी प्राप्त भई कसूरको अनुसन्धान शुरु गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ५ बमोजिम ढाँचामा जाहेरी दरखास्त, सूचना वा प्रतिवेदन लिनुपर्छ ।
- जाहेरी दरखास्त, सूचना वा प्रतिवेदनमा जुन व्यक्तिबाट प्राप्त भएको हो उसको सही छाप समेत गराउनुपर्छ ।

**घटनास्थल मुचुल्का:**

- घटनास्थल मुचुल्कामा कसूरको घटनाको यथार्थ विवरण, घटनास्थलमा भेटिएका कसूरसँग सम्बन्धित सामाग्रीहरु, घटनास्थलको विवरण, घटनास्थलको वरिपरिको विवरण र वस्तुस्थितिको रेखा चित्रण सहित उल्लेख गर्नुपर्छ ।
- घटनास्थल मुचुल्कामा तत्काल उपस्थित स्थानीय व्यक्तिका साथै कसूर गर्ने व्यक्ति वा शंकित व्यक्ति उपस्थित भए निजको परिचय खुल्ने विवरण उल्लेख गरी निजको समेत सहिछाप गराउनुपर्छ ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ (२) मा अनुसन्धान अधिकारीले अनुसन्धान गर्दा कसूर तथा कसूर भएको ठाउँको यथार्थ चित्रण हुने गरी यथासम्भव निम्न लिखित कुराहरु खुलाई घटनास्थल मुचुल्का तयार गर्नु पर्नेछ:

  (क) कसूर भएको मिति र समय

(ख) कसूर भएको ठाउँको ठेगाना, विवरण र रेखाचित्र

(ग) त्यस्तो ठाउँको वस्तुस्थिति तथा कसूर वा कसूरदारसँग त्यसको सम्बन्ध

(घ) कसूर भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको दसी प्रमाण र कसूरसँग सम्बन्धित अन्य कुनै उल्लेखनिय कुरा ।

- अनुसन्धान अधिकारीले घटनास्थल मुचुल्का तयार गर्दा त्यस्तो ठाउँलाई अरु मानिस प्रवेश गर्न नपाउने गरी घेरा हाली यथासम्भव त्यस्ता ठाउँको र त्यस्तो ठाउँमा देखिएको वा पाइएको हत्केला र औंला वा पाइलाको चिन्ह, निशाना वा अन्य दसी वा कसूर ठहर गर्न मद्दत पुर्याउने अन्य कुनै महत्वपूर्ण कुराको फोटो समेत लिन सक्नेछ । दफा ८ (३)
- घटनास्थल मुचुल्का तयार गर्दा कसूर गर्ने व्यक्ति वा आरोपित व्यक्ति उपस्थित भए निजको औंलाको छाप लगायत पहिचान खुल्ने विवरण समेत लिनु पर्नेछ । दफा ८ (४)
- घटनास्थलमा अनुसन्धान अधिकारीले कसूरसँग सम्बन्धित कुनै दसी प्रमाण, सामान वा वस्तु फेला पारेमा त्यसलाई आफ्नो कब्जामा लिनुपर्नेछ । दफा ८ (५) मुचुल्कामा उल्लेख गर्नुपर्छ ।
- दसी प्रमाण सामान वा वस्तु कब्जामा लिने अधिकारीले सोको भरपाई सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ । दफा ८ (६)
- कसूरको अनुसन्धान सम्बन्धी नियमावली २०७५ को अनुसूची ७ बमोजिमको ढाँचामा घटनास्थल मुचुल्का खडा गर्नु पर्नेछ ।
- घटनास्थल मुचुल्कासँगै घटनास्थलको फोटो र भिडियो लिई घटनास्थल मुचुल्का तयार गर्ने कर्मचारीले लिपिवद्ध गरी मिसिल संलग्न गर्नुपर्छ ।

**बरामदी/खानतलासी मुचुल्काः**

- कसूरको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले दसी वा प्रमाणको रुपमा महत्व राख्ने मालसामान खोज्ने र फेला परेमा कब्जामा लिनुपर्छ । खोजिएका वस्तु फेला पार्नु र कब्जामा लिनु नै बरामद गर्नु हो ।
- खानतलासीको सिलसिलामा फेला परेको दसी वा मालसामान वा प्रमाणसँग सम्बन्धित वस्तु फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो वस्तु खानतलासीको क्रममा बरामद गरेको र कब्जामा लिएको व्यहोरा खानतलासी मुचुल्कामा नै उल्लेख गर्नुपर्छ । यसमा छुट्टै बरामदी मुचुल्का तयार गरिदैन ।
- कतिपय अवस्थामा अभियुक्तले देखाइ दिएको ठाउँ वा अवस्थाबाट दसीको मालसामान वा प्रमाणको वस्तु फेला पार्नु पर्ने वा कब्जामा लिनु पर्ने हुन्छ । त्यस्तो अवस्थामा बरामदी मुचुल्का तयार गरिन्छ ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८ मा खानतलासी गर्न सकिने सम्बन्धी कानूनी व्यवस्थाको बारेमा उल्लेख रहेको छ ।

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १३ बमोजिमको ढाँचामा बरामदी/खानतलासी मुचुल्का तयार गर्नुपर्छ ।
- बरामदी मुचुल्कामा तत्काल उपस्थित स्थानीय व्यक्तिका साथै कसूर गर्ने व्यक्ति वा शंकित व्यक्ति उपस्थित भए निजको परिचय खुल्ने विवरण उल्लेख गरी निजको समेत सहिछाप गराउनुपर्छ ।
- बरामद गरिएका सामाग्रीहरुको फोटो र भिडियो लिई बरामदी/खानतलासी मुचुल्का तयार गर्ने कर्मचारीले लिपिवद्ध गरी मिसिल संलग्न गर्नुपर्छ ।

**घटनास्थल/लाश जाँच मुचुल्काः**

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २० मा लाश जाँच गर्नु पर्ने सम्बन्धी कानूनी व्यवस्था र खुलाउने विवरणको बारेमा उल्लेख छ ।
- घटनास्थल/लाश जाँच मुचुल्का मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसूची १४ बमोजिमको ढाँचामा तयार गर्नुपर्छ ।

**मुचुल्कामा रोहवर राख्नुपर्ने सम्बन्धमाः**

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९ को उपदफा २ मा घटनास्थल मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा ठाउँको खानतलासी लिंदा वा ज्यान मरेको कसूर भएकोमा लाश जाँच गर्दा वा अन्य कुनै कसूर भएकोमा त्यस्तो कसूरको प्रकृति अनुसार आवश्यक मुचुल्का खडा गर्दा त्यस्तो ठाउँमा तत्काल उपलब्ध कम्तीमा दुई जना स्थानीय व्यक्ति र स्थानीय तहका एक जना सदस्य वा त्यस्तो सदस्य उपलब्ध नभए कुनै सरकारी कार्यालयको एक जना कर्मचारी भए निजलाई र फेला परेसम्मका अभियुक्त र कसूरको सूचना दिने व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्नेछ ।
  तर अभियुक्त वा कसूरको सूचना दिने व्यक्ति रोहवरमा नराखेको कारणले मात्र त्यस्तो घटनास्थल मुचुल्का बेरितको भएको मानिने छैन ।
- दफा १९ को उपदफा ३ मा कुनै व्यक्तिको स्वामित्व वा जिम्मामा रहेको कुनै ठाउँको खानतलासी लिंदा उपलब्ध भएसम्म त्यस्तो व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्नेछ ।

**विगो तालिकाः**

- कुन कार्यविधि, सुत्र र निर्धारित मापदण्ड अनुसार विगो तालिका निर्धारण गरिएको हो विगो तालिकामा स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ ।

**सनाखत मुचुल्का (मानिस र दसी सामाग्री):**

- अनुसन्धान अधिकारीले कुनै मुद्दामा कुनै व्यक्ति वा मुद्दासँग सम्बन्धित दसी वा चीज वस्तुको सनाखत गराउनु पर्ने भएमा मुचुल्का खडा गरी सनाखत गराउनुपर्छ ।
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा २४ मा सनाखत सम्बन्धी व्यवस्था रहेको छ ।

- दफा २४ (१) मा कुनै मुद्दामा कुनै व्यक्तिको सनाखत गराउनु पर्ने भएमा कम्तीमा प्रहरी नायव निरीक्षक दर्जाको प्रहरी कर्मचारीले सनाखत गराउनु पर्नेछ ।
- दफा २४ (३) मानिस सनाखत गराउने ढाँचा मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची १७ मा उल्लेख भए बमोजिम हुनेछ ।
- दफा २४ (४) सनाखत गराउँदा सनाखत गर्ने व्यक्तिले पहिचान गर्न सके वा नसकेको व्यहोरा लेखी मिसिल सामेल राखु पर्नेछ ।
- दफा २४ (५) मुद्दासँग सम्बन्धित दसी वा चीज वस्तुलाई प्रहरी नायव निरीक्षक दर्जाको प्रहरी कर्मचारीले सनाखत मुचुल्का खडा गरी सनाखत गराउन सक्नेछ ।
- कसूरको अनुसन्धान सम्बन्धी नियमावली २०७५ को नियम २७ मा दशी सनाखत गराउने सम्बन्धी व्यवस्था रहेको छ ।
- नियम २७ मा संहिताको दफा २४ को उपदफा (५) बमोजिम कुनै मुद्दासँग सम्बन्धित दशी वा चीज वस्तु सनाखत गराउनु पर्दा सनाखत गराउनु पर्ने सम्बन्धित व्यक्तिलाई त्यस्तो दसी वा चीज वस्तु देखाई अनुसूची १८ बमोजिमको ढाँचामा सनाखत गराउनु पर्नेछ ।

**अभियुक्तको बयान र कानूनको विवादमा परेका बालक/बालिकासँग सोधपुछ:**

**अभियुक्तको बयान गराउँदा ध्यान दिनुपर्ने कुराहरुः**

- बयान गर्न ल्याइएको व्यक्तिले गरेको कार्य कानूनले तोकेको कसूरको कार्य भित्र पर्छ की पर्दैन ।
- बयानका लागि आवश्यक पर्ने कागजातहरु मिसिलमा संलग्न छ की छैन । जस्तै घटनास्थल मुचुल्का, बरामदी/खानतलासी मुचुल्का, परीक्षण प्रतिवेदन लगायत अन्य सम्बद्ध कागजातहरु भए नभएको यकिन गर्नुपर्छ । बयान लिने विषय र प्रश्नहरुको सूची तयार गर्ने ।
- बयान लिनु अघि बयान लिने व्यक्तिले परिचय दिई बयान लिनुपर्ने कारणका बारेमा जानकारी दिने ।
- बयानका लागि उपर्युक्त स्थान, वातावरण र भौतिक वस्तुको उपलब्धता छ की छैन ।
- बयान गर्ने व्यक्तिले अनुसन्धान अधिकारीको भाषा बुझ्न सक्छ की सक्दैन ।
- गोपनियता अपनाउनु पर्ने अवस्थाको व्यक्ति हुन होइनन ।
- बयान गर्न ल्याइएको व्यक्ति बयान गर्नका लागि सक्षम छ की छैन । निजको स्वास्थ्य परीक्षण गरिएको छ की छैन ।
- बयान गर्न ल्याइएको व्यक्तिलाई थुनामा मानवोचित व्यवहार गरिएको छ की छैन ।
- बयान गर्ने व्यक्तिले के विषयमा बयान गर्ने हो । सो विषयमा जानकारी पाएको छ की छैन । अभियुक्त उपर लागेको अभियोगका सम्बन्धमा संकलित सबै कागज सुनाई मतलब सम्झाउने ।

- बयानको लागि उपस्थित गराईएको व्यक्तिलाई निजको ईच्छा विरुद्ध बयान दिन कर नलाग्ने कुराको जानकारी ।
- कसूर स्वीकार गर्न बाध्य नहुने र निजले गरेको बयान निजका विरुद्धमा प्रमाणमा लाग्छ भन्ने कुरा जानकारी गराउनु पर्ने ।
- अनुसन्धान अधिकारीले अभियुक्तको बयान लिनु अघि सजायमा छुट दिन वा कम गर्न सकिने कानूनी व्यवस्था, यस सम्बन्धी प्रकृया प्रकृया तथा परिणामको बारेमा अभियुक्तले बुझ्ने गरी जानकारी दिनु पर्नेछ । अभियुक्तलाई सजाय छुट सम्बन्धी वार्तामा सहभागी हुन र सो सम्बन्धी निर्णय लिन आवश्यक सूचना उपलब्ध गराउने तथा निजको कानून व्यवसायी वा निजले रोजेको व्यक्तिलाई सो सम्बन्धी प्रक्रियामा सहभागी गराउन सक्ने कुरा समेत जानकारी दिनुपर्नेछ ।(सजायमा छुट दिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० को दफा ४) (सजाय छुट सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ लगायत अन्य विशेष कानून अन्तर्गतको कसूर गरेको अभियुक्तलाई सो कानूनमा सजाय छुट सम्बन्धी व्यवस्था भएको भए सो कुराको जानकारी गराई प्रश्नावली तयार गरी अभियुक्तको जवाफ संलग्न गर्ने) ।
- कानून व्यवसायी राख्ने अधिकार छ भन्ने जानकारी ।
- कानून व्यवसायी राख्ने नसक्ने भएमा राज्यले कानून व्यवसायी राखी दिन सक्छ भन्ने जानकारी ।

**अभियुक्तको बयानको प्रकृयाः**

- अभियुक्तको बयान आफ्नै समक्षमा गराउनु पर्ने ।
- प्रत्येक अभियुक्तको छुट्टाछुट्टै बयान गराउनु पर्ने।
- नेपाली भाषा नबुझ्ने व्यक्तिको हकमा दोभाषेको सहयोगबाट अभियुक्तले भनेको कुरा लेखबद्ध गरी बयान कार्य पूरा भएपछि सो व्यहोरा जनाई प्रमाणित गरिदिनु पर्दछ ।
- दृष्टिविहिन, सुन्न नसक्ने, वोल्न नसक्ने व्यक्तिहरुको हकमा बयान गराउँदा उनीहरुको संरक्षक वा हकवाला भए उनीहरुलाई र नभए निजले इच्छाएको व्यक्ति वा सांकेतिक भाषा वा मतलव सम्झाउन जान्ने व्यक्तिको व्यवस्था गरी सांकेतिक भाषामा मतलब बुझाई बयान कार्य पुरा भएपछि सो ब्यहोरा जनाई प्रमाणित गरिदिनुपर्छ ।
- वोल्न असमर्थ व्यक्तिको बयान लिनु पर्दा निज लेखपढ गर्न जान्ने रहेछ भने लेखेर वा ईसाराद्वारा पनि बयान दिन सक्ने व्यवस्था रहेको हुँदा सोही अनुसार गर्नुपर्छ ।
- बयानका लागि आवश्यक पर्ने सामाग्रीहरुः जस्तै कम्प्युटरमा टाइप गरी गर्ने भए कम्प्युटर, फुलस्केप साइजको नेपाली कागज, कलम, लेख्न नजान्नेका लागि ल्याप्चे लगाउने रंग आदिको ब्यवस्था ।
- बयान लिंदा सवाल जवाफको ढाँचामा लिनुपर्छ र यसो गर्दा कुरा फोरी विषय छुट्टाई छोटकरी सवाल गर्ने र सोधिएको सवाल र सो को जवाफ लेखबद्ध गर्ने ।

- बयान गराउँदा प्रश्न राखी अभियुक्तले आफै जवाफ लेख्न चाहेमा निजलाई जवाफ लेख्न दिनुपर्छ ।
- बयान लिंदा तथ्यगत कुराहरुको बारेमा पहिले खुलाउन लगाउनु पर्ने ।
- प्रमाण लाग्ने वस्तु बरामद भएको भए सोको सनाखत गराउनु पर्ने ।
- एकै व्यक्ति एक भन्दा बढी अपराधको कसूरमा पोलिएको अवस्थामा प्रत्येक मुद्दाको लागि छुट्टाछुट्टै बयान गराउने ।
- बयानका लागि उपस्थित गराईएका अभियुक्तहरु धेरै भएको अवस्थामा निजहरुको बयान क्रमैसँग लिनु पर्ने ।
- अभियुक्तसँग बयान गराउँदा के विषयमा कसूर भएको हो, कसूर कहाँ कुन स्थानमा भएको हो, कसूर कहिले कुन मिति र स्थानमा भएको हो, कसूरमा को को संलग्न छन्, कसूर किन भएको हो, कसूर कसरी भएको हो र क्षति र विगो सम्बन्धी कसूर भए कसूरमा के कति क्षति भयो र बरामद र नोक्सानीको विगो सम्बन्धी विवरण खुलाउन लगाउनुपर्छ ।
- बयान कसूरसँग सम्बन्धित सूचनाहरु प्राप्त गर्नका लागि अनुसन्धान अधिकारीले शंकितसँग गर्ने उद्देश्यमूलक वार्तालाप भएकाले आफूले चाहेको सूचनाहरुको जानकारी अधिकतम मात्रामा लिनुपर्छ ।
- कुनै अभियुक्तले अनुसन्धानको क्रममा बयान गर्न ईन्कार गरेमा सोही कुरा बयान गर्न खडा गरिएको कागजमा जनाई अनुसन्धान गर्ने कर्मचारीको सही गराई आफूले पनि सोही व्यहोरामा प्रमाणित गरिदिनु पर्छ ।
- महिलाको बयान गराउँदा ठट्टा वा अनावश्यक सवाल गरी अभियुक्तलाई हतोत्साही गराउनु हुँदैन ।
- शंकित व्यक्ति जेष्ठ नागरिक भएमा उनीहरुलाई सहज हुने किसिमको वातावरणमा बयान गराउनुपर्छ ।
- बयानमा अभियुक्तको फोटो टाँस गर्नु पर्ने ।

**अभियुक्तको बयानमा नखुलाई नहुने कुराहरुको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन २०७७ को पृष्ठ १७ र १८ हेर्नुहोला ।**

**कानूनको विवादमा परेका बालक/बालिकालाई सोधपुछ गर्दा विचार गर्नुपर्ने कुराहरुः**

- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६ को नियम ४४ मा बाल अदालत तथा अनुसन्धान अधिकारीले बालबालिकासँग सोधपुछ गर्दा आवश्यक परेमा दोभाषेको सुविधा उपलब्ध गराई सोधपुछ गर्नु पर्नेछ ।
- कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई अनुसन्धान अधिकारीले सोधपुछ गर्दा देहाय बमोजिम गर्नुपर्नेछः (बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६ को नियम ८)

(क) बालबालिका बयान दिन सक्ने अवस्थामा रहे वा नरहेको यकिन गर्ने ।

(ख) निजको बाबुआमा, परिवारको अन्य सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहवरमा राखे ।

(ग) निजलाई सोधिएको कुराको उत्तर दिन सक्ने बालमैत्री वातावरण बनाइ सोधपुछ गर्ने ।

(घ) सम्बन्धित कसूरजन्य कार्यको आरोपमा बालबालिकाको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्ने ।

(ङ) निजले बुझ्ने भाषामा गर्ने ।

(च) रातको समयमा सोधपुछ नगर्ने ।

(छ) दिनमा सोधपुछ गर्दा एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म सोधपुछ नगर्ने ।

(ज) कसूरमा साबित हुन प्रेरित नगर्ने ।

(झ) सोधपुछको क्रममा बालमनोविज्ञ वा समाजसेवीको आवश्यकता परेमा सूचीकृत बाल मनोविज्ञ, समाजसेवीहरुबाट आवश्यक सेवा उपलब्ध गराई पाउन बाल अदालत वा स्थानीय बाल अधिकार समितिलाई अनुरोध गर्ने ।

(ञ) सार्वजनिक रुपमा सोधपुछ नगर्ने र सोधपुछका लागि छुट्टै कोठा वा स्थानको व्यवस्था गर्ने ।

## ततिम्बा बयान/पुनः सोधपुछ

- कसूरको अनुसन्धान गर्दै जाँदा एक पटक बयान/सोधपुछ गरिसकेको अवस्थामा बयान/सोधपुछको क्रममा संकलन गरिएको विवरण भन्दा कसूरसँग सम्बन्धित नयाँ तथ्य, जानकारी र सवुत प्रमाण फेला परेको अवस्थामा वा कुनै कुरा सोध्न छुटेकोमा अनुसन्धान अधिकारीले त्यस सम्बन्धमा थप पुष्टि गर्न अभियुक्तसँग फेरी बयान लिन सकिन्छ जसलाई ततिम्बा बयान र कानूनको विवादमा परेका बालबालिकासँग पुनः सोधपुछ गर्न सकिन्छ ।
- ततिम्बा बयानको प्रारम्भमा नै पहिले बयान लिई सकेर किन दोस्रो पटक बयान लिनु परेको हो सो कुरा खुलाउनुपर्छ ।
- ततिम्बा बयान पहिलेको बयानको पुरकको रुपमा रहन्छ ।

## घटनाविवरण कागज

- कसूरको बारेमा जानकारी प्राप्त, कसूरको अनुभुति गर्ने तथा देखे प्रमाणको रुपमा बुझ्ने व्यक्तिहरुसँग घटनाविवरण कागज गरिन्छ ।
- साक्षीहरुको कागज गराउँदा वारदातको बारेमा आफ्नै स्रोतबाट थाहा जानकारी प्राप्त गरेका, घटना देखे, वारदात स्थलमा पुगेका र वारदातलाई पुष्टि गर्न सहयोग पुग्ने

विवरण प्राप्त हुने वारदातसँग सम्बन्धित मानिसहरुलाई मात्र बुझी घटनाको बारेमा घटनाविवरण कागज गराउनुपर्छ ।

- घटनाको सम्बन्धमा गरिने कागजमा के विषयमा कसूर भएको हो, कसूर कहाँ कुन स्थानमा भएको हो, कसूर कहिले कुन मिति र स्थानमा भएको हो, कसूरमा को को संलग्न छन्, कसूर किन भएको हो, कसूर कसरी भएको हो र क्षति र विगो सम्बन्धी कसूर भए कसूरमा के कति क्षति भयो र बरामद र नोक्सानीको विगो कति हो भन्ने सम्बन्धी विवरण खुलाउन लगाउनुपर्छ ।
- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६ को नियम ७ को (ज) मा कुनै लिखत तयार गर्दा बालबालिकाको बाबु आमा भए सम्म दुवै जना वा कम्तीमा एक जना र बाबु आमा नभए निजको परिवारको सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहवरमा राख्नुपर्ने ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ मा बयान लिने र सोधपुछ गर्ने सम्बन्धी कानूनी व्यवस्था रहेको छ ।
- दफा १६(३) अनुसूची १ वा अनुसूची २ अन्तर्गतका कुनै कसूरको सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएको व्यक्तिसँग अनुसन्धान अधिकारीले आवश्यक सोधपुछ गर्न सक्नेछ ।

  तर बालिबालिका वा शारीरिक रुपमा असमर्थ भएको व्यक्तिसँग सोधपुछ गर्नु परेमा निज रहे बसेकै ठाउँमा नै गई सोधपुछ गर्न सकिनेछ ।

  <u>स्पष्टिकरण:</u> यस दफाको प्रयोजनको लागि "शारीरिक रुपमा असमर्थ" भन्नाले हिँडडुल गर्न नसक्ने, दृष्टिविहिन, वृद्ध अवस्था जस्ता शारीरिक रुपमा असमर्थ व्यक्तिलाई सम्झनु पर्छ ।
- दफा १६(४) उपदफा (३) बमोजिम सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले त्यसरी सोधपुछ गरेको कुरा घटनाविवरण कागजको रुपमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ११ बमोजिमको ढाँचामा लेखबद्ध गरी सम्बन्धित मिसिलमा राख्नु पर्नेछ ।
- दफा १६(५) यस दफा बमोजिम बालबालिका वा शारीरिक रुपमा असमर्थ व्यक्तिबाट कुनै कागज गराउनु पर्ने भएमा निजको संरक्षक वा उपलब्ध अन्य व्यक्तिको रोहवरमा गराउनु पर्नेछ ।
- दफा १६(६) यस दफा बमोजिम बयान वा सोधपुछ गर्नु पर्ने कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपर्युक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ ।

- दफा १६(७) उपदफा (६) बमोजिम बयान लिएको वा सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले सोको अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ ।
- प्रमाण ऐन २०३१ को दफा ३८ मा भएको साक्षी हुन सक्ने व्यक्ति, दफा ३९ मा भएको बोल्न नसक्ने व्यक्तिको गवाही र दफा ४० मा भएको पक्षको आमा, बाबु, इत्यादीलाई गवाही दिन कर नलाग्ने सम्बन्धी कानूनी व्यवस्थालाई मध्य नजर गर्दै सरकारवादी फौजदारी मुद्दामा साक्षी राख्नुपर्ने ।

**विशेषज्ञसँग रायः**

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २३ मा विशेषज्ञको राय लिन सकिने सम्बन्धी कानूनी व्यवस्था रहेको छ ।
- राय दिने अधिकार साक्षीलाई हुँदैन । कुनै पनि विषयको विशेषज्ञसँग राय लगिन्छ ।
- अनुसन्धान अधिकारीले अनुसन्धानको सन्दर्भमा आवश्यक ठानेमा कुनै विशेषज्ञलाई साथमा लैजान वा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

**श्रव्य दृश्य प्रमाणः**

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १६ को बयान लिने र सोधपुछ गर्ने सम्बन्धी व्यवस्थाको दफा १६ (६) मा यस दफा बमोजिम बयान वा सोधपुछ गर्नु पर्ने कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपर्युक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ ।
दफा १६ (७) मा उपदफा (६) बमोजिम बयान लिएको वा सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले सोको अभिलेख राख्ने व्यवस्था गर्नुपर्नेछ ।
मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १८४ मा अनुसन्धान अधिकारी समक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख गर्न सकिने सम्बन्धी कानुनी व्यवस्थामा (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अनुसन्धान अधिकारीले कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा साक्षीको बयान, कागज वा कुनै लिखत सरकारी वकीलको रोहवरमा श्रव्य दृश्यका साधन मार्फत अभिलेख गर्न वा गराउन सक्नेछः

(क) कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा कुनै साक्षीलाई अभियुक्तले अनुचित प्रभावमा पारी वा निज उपर डर, त्रास, धम्की देखाई निजलाई अदालतमा उपस्थित हुन नदिने वा अदालतमा उपस्थित भएपनि अनुसन्धान अधिकारी समक्ष गरेको बयान वा कागजभन्दा प्रतिकूल हुने गरी बयान वा बकपत्र गराउन बाध्य गराउनेछ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा,

(ख) शारीरिक अशक्तता वा नाबालक भएको कारणले त्यस्तो व्यक्ति, जाहेरवाला वा साक्षी प्रहरी कार्यालय वा सरकारी वकीलको कार्यालयमा उपस्थित हुन नसक्ने भएमा,

(ग) प्रमाणको रूपमा अदालतमा पेश गरिने वस्तु सो वस्तु रहेको ठाउँबाट उठाएर अदालतमा ल्याउन नसकिने भएमा ।

(२) उपदफा (१) बमोजिम अभिलेख गरिएको श्रव्य दृश्यका साधनलाई अदालतले प्रमाणको रूपमा स्वीकार गर्न सक्नेछ ।

यसैगरी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २२ मा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट संकलित प्रमाणको अभिलेखिकरण गर्ने:

(१) संहिताको दफा १६ को उपदफा (६) बमोजिम शारीरिक अस्वस्थताका कारणले वा सुरक्षाका कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने अवस्थाको व्यक्तिसँग श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट लिएको बयान वा गरिएको सोधपुछ वा संहिताको दफा १८४ बमोजिम लिइएको बयान, कागज वा कुनै लिखत पछि सुन्न, हेर्न वा पढ्न सक्ने गरी पेनड्राइभ, सि.डि. जस्ता कुनै विद्युतीय वस्तु वा उपकरणमा रेकर्ड गरी राख्नु पर्नेछ ।

(२) संहिताको दफा १६ को उपदफा (१) बमोजिम कुनै जघन्य वा गम्भीर प्रकृतिका कसूरका सम्बन्धमा अभियुक्तको बयान लिएकोमा सो को लेखबद्ध अभिलेखको अतिरिक्त श्रव्य दृश्यको संवाद पनि सुरक्षित राख्न आवश्यक र मनासिब छ भन्ने अनुसन्धान अधिकारीलाई लागेमा सरकारी वकील समक्ष गरेको अभियुक्तको बयानलाई श्रव्य दृश्यको साधनमा अभिलेखिबद्ध गर्न, गराउन सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम राखिएको रेकर्ड सम्बन्धित अधिकारीले प्रमाणित गरी कसैले तोडमोड वा फेरवदल (ट्याम्परिङ्ग) गर्न नसक्ने व्यवस्था मिलाइ सुरक्षितसाथ राख्नु पर्नेछ ।

**अनुसन्धान प्रतिवेदन (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१)**

- सरकारवादी मुद्दाको अनुसन्धान पुरा भएपछि कसुर गरेको शंका गरिएका व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण भएकोमा कुन कानून अन्तरगत सजाय हुनु पर्ने हो सो कुरा अथवा कसूर भएको नदेखिएको वा कसूर भए पनि व्यक्ति पहिचान हुन नसकेको वा मुद्दा चलाउन पर्याप्त प्रमाण नभएकोमा सोही कुरा खुलाइ सक्कल, नक्कल मिसिल र दसी प्रमाण सहितको अनुसन्धान प्रतिवेदन थुनुवा नभएकोमा हदम्याद सकिने कम्तिमा १५ दिन र थुनुवा भएकोमा म्याद सकिने भन्दा कम्तिमा ३ दिन अगावै सरकारी वकील कार्यालयमा पठाउनु पर्ने ।
- अनुसन्धान प्रतिवेदन सहितको मिसिल प्राप्त भए पछि थप प्रमाण संकलन गर्न, थप अनुसन्धान गर्न वा कुनै व्यक्तसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सवुद प्रमाण संकलन गरी वा थप अनुसन्धान गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन

अनुसन्धान अधिकारीलाई निर्देशन दिने र अनुसन्धान अधिकारिले त्यस्तो निर्देशन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र थप अनुसन्धान पूरा गरिसक्नु पर्ने ।

- कुनै कसूरमा प्रमाणको अभावमा मुद्दा नचलाउने गरी सरकारी वकीलबाट निर्णय भए पनि पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा त्यस्तो कसूरका सम्बन्धमा पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न सकिने ।
- अनुसन्धान प्रतिवेदन सम्बन्धी ढाँचा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १९ मा रहेको छ ।

महान्यायाधिवक्ताको कार्यालयको प्रशासन शाखाको चलानी नं १७६३, मिति २०७८।१।२ को निर्देशन सम्बन्धमा जारी गरिएको पत्रको निर्देशन नं १२ मा कसूरको अनुसन्धान, अभियोजन तथा अन्य काम कारबाही गर्दा नयाँ शब्दावलीको प्रयोग गर्ने सम्बन्धी विषय उल्लेख छ ।

निर्देशन नं १२: कसूरको अनुसन्धान, अभियोजन तथा अन्य काम कारवाही गर्दा नयाँ शब्दावलीको प्रयोग गर्ने:

| प्रयोग गरिदै आएको शब्दावली | अब प्रयोग गर्ने शब्दावली |
|---|---|
| अपराध | कसूर |
| अपराधी | कसूरदार |
| प्रारम्भिक प्रतिवेदन | प्रारम्भिक अनुसन्धान प्रतिवेदन |
| राय प्रतिवेदन | अनुसन्धान प्रतिवेदन |
| सफल | कसूर ठहर |
| असफल | कसूर ठहर नभएको/सफाई |
| **बालबालिकाको हकमा** | |
| प्रतिवादी | कानूनको विवादमा परेका बालक/बालिका |
| अपराध | कसूरजन्य कार्य |
| हिरासत | निगरानी कक्ष |
| पक्राउ | नियन्त्रणमा लिने |
| बयान | सोधपुछ |

धन्यवाद । ▯